## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रि.नं. ३१५२, उत्प्रेषण/परमादेश, *डा. दमनबहादुर अमात्य वि. उद्योग विभाग समेत*

निवेदक र विपक्षी सानमिगेलबीच भएको सम्झौताको अवधि समाप्त भइसकेपश्चात् पनि लामो समयसम्म सोही सम्झौताको विषयलाई लिएर बारम्बार पत्राचार भइरहेकोमा करीव दश महिनापछि मात्र विपक्षीमध्येका गोर्खा ब्रुअरी प्रा.लि. सँग सम्झौता भएबाट पनि सम्झौता अवधि थपलाई लिएर दुबै पक्ष निवेदक र विपक्षी सानमिगेल ब्रुयिङ्ग इन्टरनेशनलको आचरण (By Conduct) बाट सम्झौताको विषयलाई लिएर विवाद कायमै रहेको भन्ने कुरामा विवाद रहेको पाईंदैन। यस्तो अवस्थामा निवेदक विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनको दफा ७(१) अनुसार उद्योग विभागमा जान्छ भने ऐनको दफा ७(१) को पूर्ण अवस्था विद्यमान नभए पनि विवाद छ भने निवेदकलाई उपदफा (२)(३)(४) बमोजिमको कानूनी प्रक्रियामा जान सक्नेलाई कानूनले बन्देज लगाएको अवस्था देखिन आउँदैन। निवेदकले विपक्षी सानमिगेल बीचको सम्झौता नवीकरणको विषयको निवेदन लिई आफूसमक्ष आएपश्चात् विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनले प्रदान गरेको अधिकारअन्तर्गत रही उद्योग विभागले उक्त ऐनको दफा ७(२)(३) अनुसार प्रस्तुत विवाद यसरी समाधान हुने प्रकृतिको विषयको विवाद हो भनी निवेदकको निवेदनउपरको कारवाही गरी जनाउ दिनुपर्नेमा उद्योग विभागको मिति २०६१।३।४ को पत्रमा सोअनुरूप भएको नदेखिँदा निवेदकले दिएको निवेदनउपर विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को दफा ७ को उपदफा (२)(३) बमोजिम उद्योग विभागले विवाद समाधानको प्रक्रिया सम्बन्धमा सुनाई दिनुपर्नेमा कानूनद्वारा निर्दिष्ट कर्तव्यको पालना भए गरेको नदेखिँदा विपक्षीमध्ये उद्योग विभागलाई सोबमोजिम गर्नु भनी परमादेशसम्म जारी हुने।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

इति संवत् २०६७ साल माघ १८ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-०५३९, ०५४०, जालसाज, *अब्दुल मजिद मुसलमान समेत वि. निसार अहमद मुसलमान, साजिदा मुसलमान्नी वि. निसार अहमद मुसलमान*

जालसाजीको कसूर स्वाभाविक रूपमा फौजदारी अपराध हुने हुँदा फौजदारी कसूरमा सजाय गर्न प्रतिवादीहरूको आपराधिक कार्य (Actus Reaus) को साथसाथै आपराधिक मनसाय (Means Rea) समेत प्रमाणित हुनुपर्ने।

आफ्नो नामको सम्पत्ति बिक्री गर्दा अर्काको समेत हक जाने अवस्था सिर्जना भएको तथ्यले मात्र जालसाजीयुक्त कार्य भएको भनी प्रतिवादीहरूलाई सजाय गर्न नमिल्ने।

प्रतिवादी साजिदाले कि.नं. २७ र ८० का विवादित जग्गाहरू प्रतिवादी अब्दुल मजिद मुसलमानलाई आफ्नो नाममा भएको जग्गाहरू बिक्री गरेको कार्यबाट मुलुकी ऐन, कीर्ते कागजका ३ नं. अनुसार जालसाजीबाट भएको भन्न नमिल्ने नदेखिएकोले प्रतिवादीहरूबाट जालसाजीयुक्त कार्य भएकोले सजाय समेत गरिपाऊँ भन्ने वादी दावी पुग्न नसक्ने।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ मंसिर ७ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CI-०६२७, ०६३१, फैसला बदर, *नजाबुद्दिन मुसलमान वि. निसार अहमद मुसलमान समेत, साजिदा मुसलमान्नी वि. निसार अहमद मुसलमान समेत*

साजिदा मुसलमानले प्रतिवादी नजाबुद्दिनलाई विपक्षी बनाई २०६२ सालको दे.नं. ६८-०६३-००२६६, को अंश मुद्दा दायर गरी उक्त मुद्दामा मिति २०६३।६।२५ मा फैसला हुँदा सगोलका अंशियारहरू राविया र निसार अहमदलाई देखाइएको पाईंदैन। निज मूल अंशियारहरूको अंश भाग नछुट्याई नजाबुद्दिनको नाउँको जग्गाबाट आठ भाग लगाई वादी साजिदाले आठ भागको एक भाग पाउने गरी अंशबण्डा भएकोले उक्त अंश मुद्दामा नदेखाइएका राविया मुसलमान र निसार अहमदको अंश हकमा प्रतिकूल असर पर्ने नै देखिँदा

शुरू कपिलवस्तु जिल्ला अदालतबाट सगोलका मूल अंशियारको रूपमा रहेका यी वादीहरूलाई नदेखाई निजहरूको अंश हकमा प्रतिकूल असर पर्ने गरी वादी साजिदा मुसलमानले प्रतिवादी नजाबुद्दिन मुसलमानउपर दिएको अंश मुद्दामा कपिलवस्तु जिल्ला अदालतबाट भएको मिति २०६३।६।२५।४ मा भएको फैसला वादीहरूको अंश हकसम्म बदर हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६८ साल मंसिर ७ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CI-०६२६, ०६३०, अंश दपोट, *नजाबुद्दिन मुसलमान वि. निसार अहमद मुसलमान समेत, साजिदा मुसलमान्न असी वि. निसार अहमद मुसलमान समेत*
- ०६७-CI-०६२८, ०६२९, राजीनामा बदर, *नजाबुद्दिन मुसलमान वि. निसार अहमद मुसलमान, साजिदा मुसलमान्नी वि. निसार अहमद मुसलमान*

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-CR-०११२, प्रतिलिपि अधिकार उल्लंघन, *नेपाल सरकार वि. शम्भुराज हलुवाई*

आफूलाई परेको नोक्सानीको यथार्थ विवरणसहित सम्बन्धित प्रतिलिपि अधिकारको धनी वा रचनाकारको जाहेरी परेको नदेखिनुका साथै निजहरूले अनुसन्धानको क्रममा आफूलाई हुन गएको क्षतिको यथार्थ विवरण खुलाई कागज गरिदिएको देखिन आएन । नोक्सानी भएको भनी नेपाल संगीत उद्योग संघको तर्फबाट पूरक जाहेरी दिने व्यक्ति तेजप्रसाद खराल तथा शुरू जाहेरी दिने व्यक्ति शम्भु राई अदालतमा उपस्थित भई बकपत्र गर्न सकेको अवस्था समेत पाइएन । यस्तो अवस्थामा नेपाल संगीत उद्योग संघको तर्फबाट परेको जाहेरीमा लेखिएको अनुमानीत बिगोको आधारमा प्रत्यर्थी प्रतिवादीको ठहर भएको कसूरको कार्यबाट नै प्रतिलिपि अधिकारप्राप्त व्यक्तिहरूको दावी बराबरको रकम क्षति भयो होला भन्ने अनुमान गरी क्षतिपूर्ति यकीन गरी सम्बन्धित पीडित पक्षलाई क्षतिपूर्ति भराई दिन मिल्ने अवस्था नदेखिँदा प्रमाणको अभावमा क्षतिपूर्तितर्फको दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६८ साल मंसिर ७ गते रोज ४ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६७-CR-०१०९, प्रतिलिपि अधिकार उल्लंघन, *नेपाल सरकार वि.शिवलाल श्रेष्ठ*
- २०६७-CR-०११०, प्रतिलिपि अधिकार उल्लंघन, *नेपाल सरकार वि.विनोद अधिकारी*
- २०६७-CR-०१११, प्रतिलिपि अधिकार उल्लंघन, *नेपाल सरकार वि. सुशीलकुमार श्रेष्ठ*

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०६५-WO-०५७८, उत्प्रेषण परमादेश समेत, *सुरेशकुमार दनुवार वि. सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, हलचोक समेत*

निवेदक सुरेशकुमार दनुवारलाई कार्यालयमा सम्पर्क राख्न नआई लामो समयसम्म गैरहाजीर रहेको भनी सेवाबाट अवकाश गर्ने गरी सशस्त्र प्रहरी बल कंकालिनीमाई गणबाट गरेको २०६५।८।९ को निर्णयमा यी रिट निवेदकलाई सुनुवाइको मौका दिएको नदेखिँदा सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २१ र सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ९१ ले व्यवस्था गरेको बाध्यात्मक कानूनी व्यवस्थाको अवलम्बन नगरी प्राकृतिक न्यायको उल्लंघन गरेको देखिँदा उक्त निर्णयलाई कानूनसम्मत् र प्राकृतिक न्यायको सिद्धान्तअनुरूप भएको मान्न नमिल्ने हुँदा सशस्त्र प्रहरी बल कंकालिनीमाई गणको २०६५।८।९ को निर्णय तथा सोलाई सदर गर्ने गरेको पूर्व क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय बराह बाहिनीको मिति २०६५।१०।१७ को निर्णय बदर गरिदिएको छ । अब उक्त निर्णय बदर भएकोले यी रिट निवेदक सुरेशकुमार दनुवारलाई पूर्व कार्यरत् सशस्त्र प्रहरी जवान पदमा पुनः बहाली गर्नु, गराउनु भनी विपक्षीहरूको नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

इति संवत् २०६८ साल कात्तिक १४ गते रोज २ शुभम् ।

**इजलास नं. २**

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-WO-०६३१, उत्प्रेषणमिश्रित प्रतिषेध, परमादेश, *गणेशबहादुर बोहरा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

सार्वजनिक सडक ऐन, २०३१ को दफा ४ अनुरूप सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्न सडक सीमाको निमित्त जग्गा प्राप्त गर्नु परेमा जग्गा प्राप्तिसम्बन्धी प्रचलित कानूनबमोजिम नेपाल सरकारले जग्गा प्राप्त गर्नुपर्ने र त्यसरी जग्गा प्राप्त गर्दा नेपाल सरकारले सम्बन्धित जग्गाधनीहरूलाई अधिग्रहण गरेको जग्गाबापत मुआब्जा दिनुपर्ने कुरा विवादरहित छ। तर प्रस्तुत मुद्दामा पश्चिमाञ्चल डिभिजन सडक कार्यालय नं. १ समेतका विपक्षीहरूको लिखित जवाफबाट सार्वजनिक सडक ऐनमा उल्लिखित कानूनी व्यवस्थाबमोजिम निवेदकहरूको जग्गा नेपाल सरकारले निजहरूलाई मुआब्जा प्रदान गरी अधिग्रहण गरेको भन्ने देखिन आउँदैन। नेपाल सरकारले सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्न वा सडक सीमाको निमित्त जग्गा प्राप्त गर्दा जग्गा प्राप्तिसम्बन्धी प्रचलित कानूनको पालना गर्नुपर्नेमा कानूनी प्रक्रिया नै पूरा नगरी डुम्रे बेंशीशहर सडकको सीमाको सडकको केन्द्र रेखाबाट दायाँ बायाँ १०/१० मीटर तोकिएको भन्ने आधारमा मात्र निवेदकहरूको स्वामित्वको घर जग्गा सडक क्षेत्रमा परेकोले सोको स्वामित्व स्वतः नेपाल सरकारको हुने अर्थ गरी जग्गाको लगत कट्टा गर्ने कार्यलाई कानूनसम्मत् मान्न नमिल्ने हुँदा निवेदकहरूको हक स्वामित्व रहेका घरजग्गा डुम्रे बेंशीशहर सडकको लमजुङ्ग पाउदी बेंशीशहर खण्डको सडकसीमाभित्र पर्ने भनी जग्गाधनीहरूको नाउँको स्वामित्व लगत कट्टा गरी कार्यालयका नाममा स्रेस्ता(धनीपूर्जा) तयार गरिदिन भनी मालपोत कार्यालय, लमजुङ्ग र नापी कार्यालय, लमजुङ्गलाई विपक्षी पश्चिमाञ्चल डिभिजन सडक कार्यालय नं. १ तनहुँ दमौलीबाट मिति २०६५।११।२ मा लेखिएको पत्र र सोसँग सम्बन्धित निर्णयहरू तथा सोको आधारमा भए गरेको अन्य सम्पूर्ण कामकारवाहीहरूबाट निवेदकहरूको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ द्वारा प्रदत्त सम्पत्तिसम्बन्धी हकमा आघात परेको देखिनुको साथै उल्लिखित ऐन कानूनविपरीत भई कायम रहन नसक्ने हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल भदौ २६ गते रोज २ शुभम्।

- यसै प्रकृतिको २०६५-WO-०७७०, उत्प्रेषणमिश्रित प्रतिषेध, परमादेश, *गोपालप्रसाद घिमिरे समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-०१४५, कर्तव्य ज्यान, *मनमाया तामाङ वि. नेपाल सरकार*

प्रतिवादी मनमाया तामाङले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष आफू कसूरमा सावित भई स्वेच्छापूर्वक गरेको बयानलाई अदालतले प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा ग्रहण गर्नुपर्ने हुन्छ। घटनास्थल एवं लास प्रकृति मुचुल्का तथा पोष्टमार्टम रिपोर्ट समेतबाट निजको कसूरजन्य कार्य पुष्टि हुन आएको देखिन्छ। यसको अतिरिक्त जाहेरवाला र मौकामा बुझिएका र घटनाको सम्बन्धमा तत्काल थाहा पाउने फूलमाया तामाङको मौकामा भएको कथन र सोलाई समर्थन हुने गरी अदालतमा गरेको बकपत्र समेतबाट निज प्रतिवादी मनमाया तामाङले नवजात शिशु (बच्ची) लाई कर्तव्य गरी मारेको तथ्यमा विवाद गर्ने अवस्था नहुने।

घटी सजाय हुनुपर्ने भनी साधकको रोहमा राय व्यक्त भएकोले सोभन्दा घटी सजाय हुनुपर्ने भनी प्रतिवादीले अधिकारको रूपमा लिन पाउने र सो राय पुनरावेदनको विषय हुन सक्तैन। साधक जाहेर गरी घटी सजाय गर्ने गरी व्यक्त गरिएको राय माथिल्लो अदालतबाट अनुमोदन भएमा मात्र सजायको रूपधारण गर्ने हुनाले तथा साधक जाहेर गरी घटी सजायको लागि व्यक्त रायका सम्बन्धमा पनि पुनरावेदन दिन पाउने कानूनमा कतै व्यवस्था नभएकोले अ.बं. १८८ नं.

बमोजिम घटी सजाय हुने गरी व्यक्त रायका सम्बन्धमा पुनरावेदन लिन र सोउपर माथिल्लो अदालतबाट विचार गर्न मिल्ने नदेखिँदा प्रतिवादी मनमाया तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.को कसूरमा सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई अ.बं. १८८ नं. बमोजिम ८(आठ) वर्ष कैद सजाय गर्ने गरी साधक जाहेर गरी राय व्यक्त भएको जिल्ला अदालतको फैसला र उक्त राय समेत सदर हुने ठहर गरेको पुनरावेदन अदालतको फैसला मुनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

इति संवत् २०६८ साल जेठ २५ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CR-०५६६, लागू औषध, *मञ्जू भन्ने विष्णुदेवी कपाली वि. नेपाल सरकार*

कुनै अभियुक्तले कसूरमा सावित रहेको वा इन्कार गरेको निजको कथन मात्रले निजको कसूर वा निर्दोषिता स्थापित हुने नभई सो कथनलाई प्रमाणित गर्ने विश्वासप्रद, ठोस र निश्चयात्मक प्रमाण पनि अभियुक्तले उक्त बयानसाथ पेश गर्नुपर्ने हुन्छ । यी प्रतिवादीको घर कोठाबाट अपराधसँग सम्बन्धित लागू औषध बरामद भएको तथा सो तथ्यलाई निजले सारभूतरूपमा खण्डन गर्न नसकेको अवस्थामा अदालतमा कसूरमा इन्कार रही बयान गरेको भए पनि आधार प्रमाणबिनाको त्यस्तो कथनले मात्र निजको निर्दोषिता स्थापित हुनसक्ने अवस्था नहुने ।

प्रतिवादी मञ्जू भन्ने विष्णुदेवी कपाली कसूरजन्य कुरामा सावित रहेको निजको कथन निजको सँगसाथबाट लागू औषध बरामद भएको भन्ने बरामदी मुचुल्का तथा बरामद हुँदा उपस्थित व्यक्तिहरूको कथन समेतका प्रमाणबाट समर्थित भएको देखिँदा निज प्रतिवादी मञ्जू भन्ने विष्णुदेवी कपालीलाई अभियोग दावीबमोजिम कसूरदार ठहऱ्याई निजलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(२) बमोजिम १०(दशं) वर्ष कैद र रू. ५०,०००।- (पचासहजार रूपैयाँ) जरीवाना गरेको तथा निजबाट बरामद भएको नगद, जिन्सी समेत जफत हुने ।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

इति संवत् २०६८ साल जेठ २५ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कमलनारायण दास,** २०६२ सालको दे.पु.नं. ८२६३, निषेधाज्ञा, *लहान नगरपालिकाको कार्यालय, सिरहा वि. लक्ष्मी महतो समेत*

निषेधाज्ञाको रोहमा कुनै सम्पत्तिमा हक स्वामित्व कायम गर्न नसकिने हुन्छ । अन्यथा भएकोमा बाहेक सर्वे नापीले कुनै जग्गाको चारकिल्ला क्षेत्रफल, स्वामित्व, मोही अवस्थितिलगायतको स्थितिलाई कानूनी तवरबाट निश्चितता प्रदान गर्दछ । त्यसमा चित्त नबुझे कानूनले तोकेको म्याद र प्रक्रियाबमोजिम तोकिएको अधिकारीबाट संशोधन गराउनु पर्ने, दर्ता नभएकोमा दर्ता गराई लिनुपर्ने हुन्छ । तर निवेदकले उक्त कि.नं. २३१ को पोखरीमा आफ्नो स्वामित्व र हक प्राप्त गरी लिन सकेको देखिँदैन । दावीको उक्त कि.नं. २३१ को पोखरीमा निवेदकले आफ्नो निजी हक प्राप्त गरी नसकेको अवस्थामा साविकमा रहेको हक देखाई २०२६ सालपश्चात् भएको नापीमा उक्त पोखरी सार्वजनिक रहेको भनी जनिएको तथ्य र व्यहोरा प्रतिकूल दावी लिन नमिल्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः बिपना+बेदना

इति संवत् २०६८ साल मंसिर २० गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कमलनारायण दास,** २०६७-RC-००७९, कर्तव्य ज्यान, *नेपाल सरकार वि.चन्द्रबहादुर वि.क.(कामी)*

प्रतिवादीहरूको साविती बयान, जाहेरी दरखास्त, मौकामा बुझिएका मानिसहरूको भनाई, घटनास्थल मुचुल्का, लासजाँच मुचुल्का, वस्तुस्थिति मुचुल्का, बरामदी मुचुल्का, शव परीक्षण प्रतिवेदन समेतका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी सन्तोष भन्ने चन्द्रबहादुर वि.क.ले मृतकलाई जवर्जस्ती करणी गरी निजले लगाएको कानको मुन्द्रा झिकी मृतकलाई कर्तव्य गरी मारेको तथ्य निर्विवाद रूपमा पुष्टि हुन आएको हुँदा प्रतिवादी सन्तोष भन्ने चन्द्रबहादुर वि.क.ले कसूरजन्य कार्य गरेकोले निजलाई अभियोग दावीबमोजिम मुलुकी ऐन, चोरीको महलको १४(२) नं. जवर्जस्ती करणीको महलको ३(१) र ३क नं. तथा

ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद समेत हुनेमा निज वर्ष १५ को नाबालक देखिन आएको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम उमेर पुगेकालाई हुने सजायको आधा निजलाई १०(दश) वर्ष ९(नौ) महिना कैद सजाय हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल मंसिर २३ गते रोज ६ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६४-WO-००३१, उत्प्रेषण परमादेश समेत, *यज्ञबहादुर कसाई वि. ८ नं. नापी गोश्वारा, पोखरा,*

२०३२ सालमा नापीमा चौतारो जनिएको जग्गालाई छूट जग्गा दर्ता गरिपाऊँ भनी २०६२।८।१२ गते निवेदन दिई माग गरेको पाइन्छ । आफ्नो हकाधिकारमाथि आघात पुगेमा सम्बन्धित व्यक्तिले समयमै उपचार माग गर्न जानुपर्छ । मौकामा आफ्नो् हकाधिकारप्रति सचेत नरहने व्यक्तिलाई कानूनले सहयोग गर्न सक्दैन । अर्थात् बिलम्बले समन्यायलाई पराजीत गर्न सक्दछ । प्रस्तुत निवेदनमा २०३२ सालमा भएको नापीका विरूद्ध मर्का परेको भए समयमा नै उजूर गर्न सक्नुपर्नेमा मौकामा उजूर नगरी चुप लागी बसी विलम्ब गरी झण्डै ३० वर्षपछि २०६२ सालमा मात्र छूट जग्गा दर्ता गरिपाऊँ भनी प्रस्तुत निवेदन गरेको देखिँदा प्रस्तुत रिट खारेज हुने ठहर्छ ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल कात्तिक २ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-WO-००६१, उत्प्रेषण परमादेश समेत, *गोपाल पोखरेल समेत वि. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय समेत*

कानूनबमोजिम वैकल्पिक उपचारको मार्ग विद्यमान भएसम्म रिट क्षेत्रमा प्रवेश गरी उपचार माग गर्न र रिट क्षेत्रबाट अदालतले उपचार प्रदान गर्न पनि मिल्दैन । जुवा खेल्न र खेलाउन नहुनेमा कसैले त्यस्तो निषेधित कार्य गरे गराएमा समेत प्रचलित कानूनबमोजिम उजूर गरी कानूनी कारवाही हुने स्पष्ट कानूनी व्यवस्था हुँदाहुँदै त्यस्तो कानूनी मार्ग वा सो वैकल्पिक उपचारको मार्ग अवलम्बन नगरी यस अदालतको रिट क्षेत्रमा प्रवेश गरी आएको प्रस्तुत रिट निवेदनबाट मागबमोजिम रिट जारी गर्न मिलेन । विपक्षीहरूले आफ्नो कानूनी कर्तव्य पूरा नगरेको स्पष्ट स्थिति देखाई आएका बखत त्यसतर्फ विचार गरी उपचार प्रदान गर्न सकिने संवैधानिक स्थिति रहिनै रहने हुँदा वर्तमान अवस्थामा प्रस्तुत रिट खारेज हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल कात्तिक २ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-WO-०५३१, उत्प्रेषण परमादेश समेत, *कृष्ण के.सी. समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

जुन पदमा बढुवा निर्णय बदर गरिपाऊँ भनी माग गरेको हो सो बढुवा निर्णय नै क्रियाशील भई रथी पदबाट तोरणजंगबहादुर सिँहले उमेरको कारणबाट अवकाश समेत पाइसकेकोले मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्था विद्यमान नरहेको हुँदा प्रस्तुत रिट निवेदनमा थप विचार गरिरहन पर्ने अवस्था भएन । प्रस्तुत रिट खारेज हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल कात्तिक २ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-WO-०७३५, उत्प्रेषण परमादेश समेत, *डा. जीतेन्द्र परियार वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ को दफा ७(१) मा, "यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम अस्पताललाई भएको सम्पूर्ण काम, कर्तव्य तथा अधिकार प्रयोग गरी

अस्पतालको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नका लागि देहायबमोजिमको एक सञ्चालक समितिको गठन हुनेछ" भन्ने उल्लेख भई सोको (च) मा “क्यान्सर रोगको क्षेत्रमा संलग्न चिकित्सकमध्येबाट दलित, जनजाति तथा मधेसीको प्रतिनिधित्व हुने गरी कम्तीमा दुई जना महिलासहित नेपाल सरकारले मनोनयन गरेको चारजना सदस्य भन्ने र ऐ(ज) मा सामाजिक सेवाको क्षेत्रमा कार्यरत् प्रतिष्ठित व्यक्तिहरू मध्येबाट कम्तीमा एकजना महिलासहित नेपाल सरकारले मनोनयन गरेको दुईजना सदस्य" रहने व्यवस्था रहेको छ। मिति २०६७।१०।९ गते भएको मनोनयन हेर्दा ऐनको उक्त दफा ७(१)(ज) बमोजिम दलित, जनजाति र मधेसीको प्रतिनिधित्व हुने गरी दुई जना महिला समेत चार जना र ऐ.दफा ७(१)(ज) बमोजिम दुईजना महिला समेत दुई जना व्यक्तिलाई दलित जनजाति मधेसी, महिला समेतको प्रतिनिधित्व हुने गरी मनोनयन गरेको देखिन्छ।

मन्त्रिपरिषद्ले मनोनयन गर्नुपर्नेमा मन्त्रिस्तरीय निर्णयबाट मनोनयन भएकोले सो निर्णय बदर होस् भनी जिकीर लिएतर्फ विचार गर्दा यी व्यक्तिहरूलाई सो अस्पतालको सदस्य पदमा मनोनयन गरेको निर्णयबाट निवेदकको हक हितमा के कस्तो असर पर्न गई रिट निवेदन दिनु परेको हो सो कुराको स्पष्ट जिकीर लिन सकेको पाईंदैन। व्यक्तिको संविधानप्रदत्त मौलिक हक वा कानूनी हकमा स्पष्टतः आघात पुगेको अवस्था भए मात्र अन्य उपचारको व्यवस्था नभएको वा भए पनि प्रभावकारी नभएको अवस्थामा यस अदालतमा रिट क्षेत्रबाट उपचारको माग गर्न आउने हो। आफ्नो संविधान वा कानूनप्रदत्त हक अधिकारको हनन् नभएको अवस्थामा रिट क्षेत्रमा प्रवेश गरी आउन र रिट क्षेत्रबाट उपचार प्रदान गर्न समेत नमिल्ने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल कात्तिक २ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-WO-११०१, परमादेश समेत, *चूडामणि पौडेल समेत वि. रेजिडेन्टस एशोसिएशन अफ न्याम्स, वीर अस्पताल समेत*

२०६८।१।१५ गतेदेखि वीर अस्पतालमा तालाबन्दी गरिएको कारण सेवा अवरुद्ध हुन पुगेको भए पनि प्रशासकीय भवनमा लगाएको ताला तत्काल खोल्नु र प्रशासकीय भवनबाट निरःशुल्क सेवा तत्काल प्राप्त गर्ने गराउनेलगायतका कुनै पनि अन्य कार्यमा कुनै प्रकारले बाधा विरोध नगर्नु भनी विपक्षीका नाममा यस अदालतबाट मिति २०६८।२।१९ गते अन्तरिम आदेश जारी भएको मिसिलबाट देखिएको र मिति २०६८।२।२० गतेसम्म तालाबन्दी भएकोमा सो अवधिमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालबाट प्रदान गरिने सेवाको सन्दर्भमा O.P.D. Emergency, Operatiion, Admission/Discharge, गरीव, असहाय बिरामीलाई दिने छुट सेवा सुचारू रूपले सञ्चालन भएको प्रशासनिक, नीतिगत तथा आर्थिक निर्णयहरू नभएकोले अस्पतालको काम आंशिक प्रभावित भएको भन्ने सो अस्पतालको मिति २०६०।२।२३ गतेको पत्रबाट देखिँदा निवेदन मागबमोजिम हालसम्म पनि सो अस्पतालको सेवा अवरूद्ध भएको नदेखिई अस्पताल खुली सेवा सुचारू भैसकेको अवस्था देखिँदा प्रस्तुत रिट खारेज हुने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल कात्तिक २ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. WO-०६०७, उत्प्रेषणयुक्त परमादेश, *सुमेन्द्रराज जोशी घिमिरे समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कानूनबमोजिम तोकेको मितिबाट स्तरोन्नति नगरी आफूखुशी मनपरी ढंगले बढुवा मिति तय गरी बढुवा गर्ने कार्यले निवेदकहरूभन्दा पछि सेवा प्रवेश गरेका व्यक्तिहरू निवेदकहरूभन्दा जेष्ठ नहोलान् भन्न मिल्ने देखिएन। कानूनले निश्चित् गरी तोकेको समययावधिलाई आफूखुशी व्याख्या गरी प्रयोग गर्न नपाउने।

तत्कालीन निजामती सेवामा प्रवेश गरी स्वास्थ्य सेवा ऐन, २०५३ लागू भएपछि स्वास्थ्य सेवामा तह मिलान भै समूहकृत भएका निवेदकहरूका हकमा सो ऐनको तेस्रो संशोधनले दफा ९ मा उपदफा (७क)

थप गरी सो को (ङ) मा उल्लिखित चौथो तहमा पाँच वर्ष सेवा गरेपश्चात् माथिल्लो तहमा स्तरवृद्धि गर्नुपर्ने कानूनी व्यवस्थाबमोजिम निवेदकहरूलाई मिति २०५९ सालदेखि नै स्तरवृद्धि गर्नुपर्नेमा सो नगरी २०६३ सालदेखि लागू हुने गरी २०६४ सालमा गरेको स्तरवृद्धिसम्बन्धी विपक्षी निकायको निर्णय मनासिब नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। अब स्वास्थ्य सेवाको चौथो तहमा समूहकृत भएको मितिदेखि ५ वर्ष पूरा भएपछि सोही सेवाको पाँचौं तहमा स्तरोन्नति गर्नुपर्ने भन्ने सोही ऐनको दफा ९(७क) को (ग) र (ङ) को व्यवस्थाबमोजिम निवेदकहरूको स्तरवृद्धि गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश समेत जारी हुने।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल कात्तिक १३ गते रोज १ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६५ सालको रिट नं.०६५-WO-०५००, उत्प्रेषण, *महेन्द्रबहादुर खत्री समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६५ सालको रिट नं.०६५-WO-०६०६, उत्प्रेषणयुक्त परमादेश, *भक्तिराम पाण्डे समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रिट नं. WO-११२३, उत्प्रेषणयुक्त परमादेश समेत, *रमेश रिजाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिपरिषद्को कार्यालय समेत*

निवेदन दावीअनुसार निवदकको घर वा स्थायी वतन जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १४ मा रहेको भन्ने उक्त शुरू मिसिल वा पुनरावेदनपत्र समेतबाट देखिँदैन। निवेदकको मिसिलमा लेखिएकै धादिङ्ग जिल्ला, खाल्टे गा.वि.स. वडा नं. ३ मा स्थायी घरद्वार रहेकोमा पनि विवाद देखिँदैन। म्याद तामेल हुँदा समेत सोही वतनमा म्याद तामेल भएको पाइन्छ। त्यस्तै निवेदकले निवेदन जिकीरबमोजिम आफ्नो वतन परिवर्तन भएको लिखित जानकारी गराएको भन्ने पनि मिसिलबाट देखिन खुल्न आउँदैन। छात्रावास वा अन्य कुनै अस्थायी वतन परिवर्तन भइरहन सक्ने र यसरी अस्थायी ठेगाना परिवर्तन गर्दै बस्दै आएको भन्ने आधारमा मात्र स्थायी ठेगाना पनि परिवर्तन भएको भनी मान्न नमिल्ने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल असोज ३० गते रोज २ शुभम्।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-WO-०१९५, उत्प्रेषण समेत, *विजयमणि आ.दि. वि. भूमिसुधार कार्यालय, बबरमहल समेत*

निवेदकले जग्गा बाँडफाँड गर्दा जग्गा घटिबढी गरी बाँडफाँड गऱ्यो वा यो यस कारणले बाँडफाँडबाट मेरो सम्पत्तिसम्बन्धी हकमा गम्भीर असर पऱ्यो भनी भन्न लेखाउन सकेको छैन। जग्गा बण्डा गर्नुपूर्व सम्बन्धित जग्गामा गई स्थलगत निरीक्षण गरी नक्सा प्रतिवेदन समेत लिई मोहीले बनाएको घर मोहीकै भागमा पारी बाटोमा अवरोध नगरी जग्गाधनीको भागमा पनि बाटो समेत पर्ने गरी नरमगरम मिलाई जग्गा बण्डा गरेको देखिँदा त्यस्तो निर्णय एवं कामकारवाहीबाट निवेदकको कुनै संवैधानिक वा कानूनी हक समेत हनन् भएको भन्न नमिल्ने हुँदा मागबमोजिम रिट जारी गर्न मिलेन। प्रस्तुत रिट खारेज हुने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल असोज ३० गते रोज २ शुभम्।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-WO-१०४२, उत्प्रेषण, *राजेश मिश्र वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

स्वास्थ्य सेवा ऐनको दफा ९(७क) अन्तर्गत राजपत्र अनंकित विभिन्न तहमा कर्मचारीलाई निश्चित सेवा अवधि तथा योग्यता पूरा भएपश्चात् क्रमशः स्तरवृद्धि गर्दै जाने क्रममा छैठौं तहसम्म स्तरवृद्धि गरिने किटानी कानूनी व्यवस्था रहेको तर छैठौं तहबाट सातौं तहमा स्तरवृद्धि गर्न यो यति सेवा अवधि तथा योग्यताको

आवश्यकता पर्ने विषयमा संशोधित ऐनमा कहीँ कतै व्यवस्था रहेको नदेखिएको र रिट निवेदकले समेत देखाउन सकेको अवस्था देखिन्न । यसका साथै रिट निवेदक तह मिलान भएको अवधिले सातौं तहमा स्तरवृद्धि हुन योग्य समेत भैसकेको नदेखिएको अवस्थामा कानूनबिनाको आधार कारणबाट रिट निवेदनमा लेखेकै भरमा निजको मागबमोजिमको आदेश जारी गर्नु कानूनसंगत हुन आउने नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल कात्तिक १३ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-WO-११९०, उत्प्रेषण, *विष्णुबहादुर कार्की वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

आफू मिति २०५१।११।१४ देखि स्वास्थ्य सेवाको स्थायी सेवामा कार्यरत् रहिरहेको सिलसिलामा नै लोकसेवा आयोगको मिति २०५९।६।१७ को सिफारिशले सहायक पाँचौं तहमा बढुवा नियुक्ति पाएको हुँदा आफ्नो सेवा अवधिको गणना २०५१।११।१४ देखि नै हुनुपर्ने भन्ने निवेदन जिकीरका सम्बन्धमा विचार गर्दा निवेदक मिति २०५१।११।१४ मा नियुक्त भए पनि तत्कालीन ऐनको दफा ९० बमोजिम मिति २०५४।२।१४ मा तह मिलान भएको देखिन्छ । स्वास्थ्य सेवाको विभिन्न तहमा तहमिलान भै कार्यरत् रहनु र कार्यरत् रहेको भन्दा माथिल्लो तहमा बढुवा नियुक्ति पाउनु फरक कुरा हो । यसलाई एकै समकक्षतामा हेर्न मिल्ने देखिँदैन । स्वास्थ्य सेवा ऐनमा नै तह मिलान भएको निश्चित् अवधिपश्चात् स्तरवृद्धि गर्ने कानूनी व्यवस्थाका आधारमा नै निवेदकको समेत स्तरवृद्धि हुने हो । तर निवेदक स्वास्थ्य सेवा ऐन, (तेस्रो संशोधन) २०५३ को दफा ९(७क) को देहाय (छ) मा उल्लिखित पाँचौं तहमा कार्यरत् रही दश वर्ष सेवा अवधि पूरा गरेको नदेखिएको स्थितिमा निजलाई छैठौं तहमा स्तरवृद्धि गर्न उल्लिखित कानूनी व्यवस्थाका आधारमा मिल्ने नदेखिँदा रिट निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल कात्तिक १३ गते रोज १ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रिट नं. ०६७-WO-१२३७, उत्प्रेषण, *आकांक्षा आचार्य वि. मन्त्री, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

रिट निवेदकहरूले नियुक्ति पाइसकेको देखिएको हुँदा निजहरूको हकमा पेशा रोजगारी गर्ने हकमा हनन् हुने प्रक्रिया जारी रहेको भन्न नमिल्ने भै मागबमोजिमको आदेश जारी गर्नुपर्ने स्थिति विद्यमान रहिरहेको नदेखिएको निजहरूको स्थितिमा परिवर्तन भैसकेको हुँदा मागबमोजिम आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल कात्तिक १३ गते रोज १ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रिट नं. ०६७-WO-०२७२, उत्प्रेषण, *रघुनाथ खड्का वि.रेडियो प्रसार सेवा समिति समेत*

रिट निवेदकले समितिको रकम जानाजान हिनामिना गरेको पाइएको हुँदा निजले आफ्नो जिम्मेवारी एवं दायित्वको बर्खिलाप कार्य गरेको देखिन आएको भन्ने छानबीन समितिको प्रतिवेदनबाट देखिएको छ । सो प्रतिवेदनका आधारबाट समेत निजलाई भविष्यमा समितिको सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट किन बर्खास्त नगर्ने ? विषयमा स्पष्टीकरण सोधिएको, सोको जवाफ सन्तोषजनक नभएका आधारमा रेडियो प्रसार सेवा विकास समिति, कर्मचारी सेवा शर्त नियमावली, २०५७ को नियम १४४ को (ख) (१) बमोजिम भविष्यमा समितिको सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाइएको कुरा विपक्षीको मिति २०६६।१२।६ को निर्णयबाट देखियो । समितिको उक्त निर्णयलाई पुनरावेदन समितिबाट समेत मिति २०६७।२।२१ को बैठक संख्या ४६८ बाट मनासिब ठहऱ्याई भएको निर्णयबाट रिट निवेदकलाई आफ्नो कसूरको जानकारीसहित निलम्बन गरिएको, तत्पश्चात् निजउपर आरोप लगाई लगाइएको आरोपभन्दा कम सजाय नै गरिएको विपक्षको कार्य विधिवतसम्मत् प्रक्रियासम्मत् नै रहेको देखिँदा रघुनाथ खड्कालाई

रेडियो प्रसार सेवा विकास समितिको कम्प्युटर अपरेटर पदबाट भविष्यमा समितिको सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने निर्णयले रिट निवेदकको संवैधानिक एवं कानूनी हकमा आघात पुग्ने कार्य भएको नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः खड्गराज अधिकारी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल कात्तिक १३ गते रोज १ शुभम् ।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०६५-WO-०३६८, उत्प्रेषण, *अजयकुमार पुडासैनी वि.मीरा भण्डारी (पुडासैनी) समेत*

कानूनले नै यो यति रीत पुगेको निवेदनका आधारमा मात्र त्यस्तो निवेदनको सुनुवाइ हुने भन्ने व्यवस्था गरेपछि सोको अभावमा सम्बन्धित अड्डा अदालतले मद्दत गर्नसक्ने देखिँदैन । आफूलाई आवश्यक न्यायप्राप्तिका लागि कानूनले निर्धारण गरको रीत तथा न्यायिक प्रक्रियामा जुन कुरा अनिवार्य मानिन्छ त्यो विद्यमान हुनैपर्छ । अन्यथा सम्बन्धित व्यक्तिको न्याय प्राप्तिको प्रयास निरर्थक हुने हुँदा पुनरावेदन अदालत, हेटौंडाको मिति २०६५।८।२० को आदेश मुलुकी ऐन, अ.बं. २०८ नं. अनुरूप नै देखिँदा सो आदेश समेतले रिट निवेदकको सम्बन्धविच्छेद् मुद्दामा प्रतिवाद गर्ने मौकाबाट बञ्चित भयो भन्न नमिल्ने ।

इजलास अधिकृतः खड्गराज अधिकारी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल मंसिर २१ गते रोज ४ शुभम् ।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-WO-०५९७, उत्प्रेषण परमादेश, *नाबालक बन्दना धिताल र आफ्नो हकमा समेत प्रभा कुमारी धिताल वि. यमनारायण धिताल समेत*

अदालतको अन्तिम रुपमा फैसलाबाट स्थापित भैसकेको तथ्यलाई फैसला कार्यान्वयनको क्रममा बाधा अड्चन उत्पन्न गराउने प्रयोजनार्थ जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८ख बनेको देखिँदैन । अंश मुद्दा दायर गर्दाका अवस्था कायम भएका अंशियारमध्ये कसैको मृत्यु भएमा वा तत्कालीन अंशियारमध्येबाट कुनैको जन्म भएमा मात्र यो नियमावलीअनुरूप अंशियार संख्या थपघटको निर्णय गर्न मिल्ने हो । मानो छुट्टिएको, भिन्न बसेका व्यक्तिले पछि विवाह गरी ल्याएका श्रीमती र निजबाट जन्मेका छोरा छोरीलाई समेत अंशियार संख्यामा घटवढ गर्ने निर्णय गर्नुपर्ने भन्ने यो नियमको मनसाय होइन । यदि विपक्षीको जिकीरबमोजिम गर्दै जाने हो भने मुद्दाको क्रममा कहिल्यै अन्त्य हुन नसक्ने ।

साधारण क्षेत्राधिकारको अवलम्वन गर्ने सिलसिलामा भएका त्रुटिलाई सच्याउन कानूनबमोजिमको मार्ग नभएमा वा कानूनले अवरुद्ध गरेमा त्यसलाई असाधारण अधिकारको दुहाई माग्दै कोही यस अदालतमा शरण पर्दछ भने यस अदालतले शरणको मरण गर्दैन । त्यस्ता प्रत्यक्ष त्रुटिपूर्ण कार्य गर्नबाट रोक्न, भइसकेका कार्य बदर गरी हक अधिकारको सुनिश्चितताका लागि उपयुक्त आदेश जारी गर्ने ।

इजलास अधिकृतः खड्गराज अधिकारी
कम्प्युटरः निर्मला भट्ट
इति सम्वत २०६८ साल मंसिर २१ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६६-WO-०५८९, उत्प्रेषण परमादेश, *प्रभाकुमारी धिताल वि. यमनारायण धिताल* समेत भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ३६१५, उत्प्रेषण, *सुन्दरलाल श्रेष्ठ समेत वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत*

अदालतमा बिचाराधीन रहेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हस्तक्षेप गरी अदालतलाई नै प्रभावमा पार्ने गरी हक वेहक कायम गर्ने जस्तो गरी अन्यथा निर्णय गर्न वा गुठी संस्थानको निर्णयमा आयोगले अनुचित हस्तक्षेप गरी गुठीले गर्ने निर्णय आफूले गर्न नमिल्ने ।

आफूलाई अधिकार नै नभएको विषयमा हस्तक्षेप गरी अदालतमा चलिरहेको बिचाराधीन मुद्दाको विषयमा प्रभाव पार्ने गरी विभागीय सजाय गर्ने आवश्यक कारवाही गर्न र दुस्परिणाम सच्याउन

अख्तियारवाला तथा सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउने सम्मको कार्य गर्न सक्नेमा त्यस्ता अन्य निकायको सञ्चालन तथा अधिकारक्षेत्रमा नै हस्तक्षेप हुने गरी आफैले निर्णय गरी कार्यान्वयन गर्नसम्म पठाएको निर्णय न्यायसम्मत नदेखिने ।

सबूद प्रमाणको आधारमा निर्णय गर्ने अधिकारीले गरेको निर्णयमा अख्तियारको दुरुपयोग गरेको कुरा स्थापित भएमा बाहेक निर्णयको औचित्यमा नै प्रवेश गरी आफ्नो त्यस्तो निर्णयलाई प्रतिस्थापन गर्नु न्यायिक अधिकारमा नै हस्तक्षेप हुने ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानूनबमोजिम अनुसन्धान र तहकीकात गर्ने तथा त्यस्तो अनुसन्धान तहकीकातबाट सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको देखिए त्यस्तो व्यक्तिलाई सचेत गराउने, विभागीय कारवाहीको लागि लेखी पठाउने तथा कानूनबमोजिम भ्रष्टाचार गरेको मानिने कुनै काम गरेको देखेमा त्यस्ता व्यक्ति उपर कानूनबमोजिम अदालतमा मुद्दा दायर गर्न गराउने अधिकार आयोगको रहेकोमा सोबमोजिमको काम कारवाही नै नगरी गुठी संस्थानले गरेको मिति २०५६।४।१४ को निर्णयमा पुनरावेदन सुन्ने निकायले पुनरावेदन सुनी निर्णय गरेजस्तो गरी विवादित ५-१४-० जग्गामध्ये ०-१०-० मोहीको कायम गरीदिने भनी गुठीको निर्णयमा अनुचित हस्तक्षेप गरी न्यायिक प्रकृतिको निर्णय गर्न नसक्ने ।

इजलास अधिकृतः श्रीप्रसाद संजेल

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत २०६८ साल असार २० गते रोज २ शुभम् ।

१६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६२ सालको दे.पु.नं. ८२८४, नापी बदर जग्गा खिचोला चलन हक कायम, *महालक्ष्मीदेवी ओभा वि. मञ्जुदेवी महतो समेत*

बढी जग्गा नापी गराएको अवस्थामा सोही नापीका क्रममा नै उजूर नगरी अहिले एकाएक फिरादको प्रक्रियाद्वारा प्रवेश गरेको देखिन्छ । २०४४ सालमा नापी भएको बखत कुनै दावी विरोध नगरी कुमुददेवीले खरीद गरेको आफ्नो हकको जग्गामा नापीबाट ०-२-१० कायम गराएपछि सो जग्गाको पूरै क्षेत्रफल बिक्री गरिसकेको अवस्थामा नापी समेतको कुरा उठाई सो नापीबाट कायम भएको क्षेत्रफल बदर गराउन सक्ने अवस्था नदेखिने ।

वादीले आफूले कुमुददेवीलाई बेचेर बाँकी रहेको जग्गाको क्षेत्रफल कम भएको भन्न र देखाउन एकातर्फ सकेको छैन भने अर्कोतर्फ २०४४ सालमा भै आएको नापीबाट वादीले आफूले पनि कुमुददेवीलाई बिक्री गरी बाँकी रहेको क्षेत्रफलभन्दा बढी जग्गा नै भोग गरेको र निजले नापीका समयमा विरोध गरी म्यादभित्र उजूर नगरेको अवस्थामा वादीको पुनरावेदन जिकीरबमोजिम गरिपाउने अवस्था देखिन्न । पुनरावेदक वादी महालक्ष्मीदेवीबाट नापीभन्दा अगाडि नै कुमुददेवीले खरीद गरी नापी भएपछि कुमुदीदेवीको हकको पूरै जग्गा खरीद गरिलिने विपक्षी प्रतिवादीमध्येका मन्जुदेवी महतो र सुरेशकुमार महतोले लिखतको हदभित्रकै क्षेत्रफलको जग्गा भोगचलन गरेकोलाई खिचोला गरेको भन्न मिल्दैन । खिचोला हुनलाई आफ्नो दर्ता स्रेस्ताभन्दा बढी, अर्काको जग्गा कब्जा भोगचलन गरी दावीकर्ताको क्षेत्रफल कम भए मात्र खिचोला हुन्छ । तर प्रस्तुत विवादमा यी पुनरावेदक वादीको जग्गाको साविक क्षेत्रफलभन्दा हालको क्षेत्रफल बढी रहेको र सोहीबमोजिम भोगचलन गरेको देखिँदा खिचोला भएको भनी अर्थ गर्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल असार २१ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६२ सालको दे.पु.नं. ८२८३, नापी बदर लिखत दर्ता बदर कित्ताकाट बदर नक्सा संशोधन जग्गा दर्ता जग्गा खिचोला चलन हक कायम दर्ता, *महालक्ष्मीदेवी भा मैथिली बाहुन वि. मञ्जुदेवी महतो समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

१७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६३-CR-०८५०, लेनदेन, *जानुका खनाल वि. राजकुमार यादव*

वादीले लेनदेन व्यवहारको २ नं. को हदम्यादको दावी लिएको मिति २०५६।६।३ को विवादित

लिखतमा रहेको व्यहोरा हेर्दा भरपाई दादैबाट शुरू गरी त्यसको अन्त्यमा पनि भरपाई लेखाई सहिछाप गरिदियाँ भनी उल्लेख भएको देखिँदा पुनरावेदकले पेश गरेको त्यस्तो लिखत तमसुक कागज हो भन्न अवस्थाको रहेन । पुनरावेदक वादीलाई प्रत्यर्थी प्रतिवादीले दिएको मिति २०५६।६।३ को लिखत कागजको प्रकृति र अवस्थाबाट तमसुक भन्न नसकिने भई भरपाई कागज नै रहेको देखिन्छ । लेनदेन व्यवहारको २ नं. ले तमसुक लिखतका सम्बन्धमा लिखत भएको मितिले दश(१०) वर्षको हदम्यादको व्यवस्था गरेको तर विवादित लिखत तमसुक कागज नभई भरपाई कागजबाट लेनदेन कारोवार भएकाले लेनदेन व्यवहारको २ नं. बाहेकको अवस्थामा लेनदेन व्यवहारको ४० नं. को व्यवस्था नै आकर्षित हुने देखियो । अतः प्रस्तुत भरपाईको सन्दर्भमा अन्यत्र हदम्याद लेखिएको वा हदम्याद नलाग्ने भन्ने अवस्थाको लिखत कागज नभएको र तमसुक कागज पनि नभएको स्थितिमा लेनदेन व्यवहारको ४० नं. बमोजिमको भए गरेको मितिले २ वर्षको हदम्याद नै लागू हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल असार २१ गते रोज ३ शुभम् ।

१८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६३-CR-०६९३, करकाप, *राजकुमार यादव, वि. जानुका खनाल*

वादी लेखपढ गर्न जान्ने व्यक्ति भएको हुँदा सो लिखतमा निजको लेखात्मक सहीछाप भएको हुनुपर्नेमा सो नभई ल्याप्चेछाप मात्र लगाएको देखिन्छ । यसरी ल्याप्चेछाप मात्र लगाउनुपर्ने कारण प्रतिवादीले खुलाउन सकेको छैन । वादी जानुका खनालले टेक्निकल इन्स्टिच्युट खोल्नका लागि यी पुनरावेदक प्रतिवादीलाई मिति २०५५।१।१६ देखि पटक-पटक गरी मिति २०५६।६।३ सम्म ऋण दिने साहू वादी जानुका खनालले आफूले दिएको ऋण रकम फिर्ता नदिने ऋणी जसले पटक-पटक आफू सँगै उक्त विवादित तमसुक लिखत मितिभन्दा पहिले ऋण लिइरहने ऋणीबाटै ऋण लिई कपाली तमसुक भएको भन्न सक्ने विश्वासयोग्य र भरपर्दो अवस्था नदेखिने ।

लिखतमा लागेका ल्याप्चेछाप सहजरूपले लगाएको अवस्थाको नदेखिई ल्याप्चेका दागहरू एकअर्को ठाउँमा लागेको देखिन्छ भने ऋणीको ल्याप्चे छापको मसी र साक्षीहरूको ल्याप्चे सहीछापको मसीमा समेत एकरूपता नदेखिई भिन्नता देखिन्छ । यी पुनरावेदक प्रतिवादी र यिनै प्रत्यर्थी वादी भै चलेको लगाउको लेनदेन मुद्दामा पेश भएको मिति २०५६।६।३ को लिखतमा भएको ल्याप्चे सहीछापको परीक्षण भै यिनै पुनरावेदकले लिखत गरी दिएको तथ्य पुष्टि भै रहेको उक्त लिखतको रू. १,२०,०००।- को लेनदेन कारोवार यथावत् रहँदारहँदै सो कारोवारको कुरालाई उल्लेखसम्म नगरी सो ऋण रकम नै नतिरी फरकफारक नगरी उल्टै धनीलाई ऋण लगानी गर्न सक्ने हैसियतमा परिवर्तन रहेको नदेखिएको र निज पुनरावेदकले त्यस्तो वस्तुनिष्ठ तथ्य समेत प्रस्तुत गर्न नसकेको तथा आफ्नो लेनदेन रकम बाँकी रहँदा रहँदै मिति २०५६।११।११ मा रू. २,५१,०००।- कर्जा लिई प्रत्यर्थी वादीले कागज गरिदिएको भन्ने कुरा पत्यारलायक र स्वाभाविक मान्न नसकिने ।

यी पुनरावेदक प्रतिवादीबाट लेखपढ गर्न जान्ने आफ्नै टेक्निकल इन्स्टिच्युटमा काम गर्ने व्यक्तिसँग पहिले आफूले पटक-पटक ऋण रकम लिई लिएको ऋण नतिर्दैको अवस्थामा उल्टै मिति २०५६।११।११ को मितिमा रू. २,५१,०००।- कर्जा दिए लिएको भनी लेखात्मक दस्तखत नै नभएको र भएको कारणी तथा साक्षीहरूको ल्याप्चे छापमा फरक-फरक मसी प्रयोग भएको अवस्था देखिन आएकोले सो लिखत स्वाभाविक रूपमा आपसी सहमतिमा रूपैयाँ लिनुदिनु गरी स्वेच्छाले कपाली तमसुक लिखत गरी दिएको भन्ने मान्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल असार २१ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६३-CR-०६९३, लेनदेन, *राजकुमार यादव, वि. जानुका खनाल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६३-CI-०६९१, गाली बेइज्जती, *राजकुमार यादव, वि. जानुका खनाल*

प्रस्तुत विवाद वादी र प्रतिवादीबीच लेनदेनको रकमको कारोवार भएको र रकम दिनुपर्ने ऋणीले साहू धनीलाई ऋण रकम तिर्नु बुझाउनुको बदला माग्न जाँदा समेत नदिई निजको अस्मितामाथि नै आघात पर्ने गरी मौखिक गाली बेइज्जती गरेको कुरा चश्मदिद् गोपाल कोइराला तथा रकम नदिएउपर यिनै प्रत्यर्थी वादी भै चलेको लगाउको लेनदेन र करकाप मुद्दाबाट समेत पुष्टि र प्रमाणित हुन्छ। यस्तो मौखिक गाली बेइज्जती मुद्दाको प्रमाणको आधार भनेको नै चरित्र हत्या वा जानाजान कसैको मान प्रतिष्ठामा आघात पुऱ्याउने कार्य गरेको देख्ने र सुन्ने व्यक्तिको कथनले नै प्रमुख स्थान ग्रहण गर्ने हुँदा प्रस्तुत मुद्दामा यी पुनरावेदकले वादीलाई अपशब्द बोलेको प्रत्यक्ष देख्नेको भनाई नै महत्वपूर्ण हुने भएको र सो भनाई वा वकपत्रले वादी दावीलाई पुष्टि गरिरहेको देखिँदा प्रतिवादीले गाली बेइज्जती गरेको ठहऱ्याई रू. २०००।- जरीवाना र रू. ५०००।- क्षतिपूर्ति समेत भरी पाउने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल असार २१ गते रोज ३ शुभम् ।

२०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CI-०५०१, निषेधाज्ञायुक्त परमादेश, *वालेश्वप्रसाद यादव वि.जिल्ला शिक्षा कार्यालय समेत*

अनियमित तरिकाले प्रश्नपत्र पहिला नै आउट गरी लिइएको भनिएको परीक्षा नै रद्ध भैसकेकोले नियमित वा अनियमित भनिरहनु पर्ने अवस्था नै देखिँदैन । तसर्थ अनियमित भनिएको परीक्षा रद्ध भैसकेको स्थितिमा पुनरावेदन माग दावीबमोजिम नियम कानूनको पालना नगरी अनियमित गरी शिक्षक नियुक्ति गरेको भन्ने अवस्थाको विद्यमानता नदेखिएको स्थितिमा निषेधाज्ञाको विषयवस्तु आकृष्ठ हुन नसक्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६८ साल असार २४ गते रोज ६ शुभम् ।

२१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CR-००६५, अदालतको अपहेलना, *वीरेन्द्रकुमार त्रिपाठी वि. कृपाराम खटिक समेत*

विपक्षीहरूले झूठा कुरा बोल्नु, लेख्नु वा झूठा प्रमाणमा पेश गर्नु अदालतको अपहेलना हो र विवादित जग्गा अन्तरिम आदेशपश्चात् पनि विपक्षीहरूले भोग कव्जा गरेकोले सो आदेशको अपहेलना गरेको भन्ने भनाई भएपनि विपक्षीहरूले अदालतको आदेशको मानहानी गरेको हो, होइन र अदालतप्रति निजहरूको मनसाय कस्तो छ भन्ने कुरा महत्वपूर्ण रुपमा लिई हेरिनु पर्ने हुन्छ। सिर्फ निवेदकको भनाईलाई मात्रै महत्वपूर्ण मान्न सान्दर्भिक नहुने ।

निवेदकले अदालतबाट अन्तरिम आदेश जारी भएपश्चात् पनि विपक्षीहरूले विवादित जग्गामा भोग कव्जा गरी खिचोला गरेको भएपनि विपक्षीहरू सो कुरामा पूर्णरूपमा इन्कार रही अन्तरिम आदेश जारी भै विचाराधीन रहेको निषेधाज्ञा मुद्दामा जारी भएको अन्तरिम आदेशलाई ईश्वरीय आदेश मानी शिरोधार्य गरी आएका छौं । सो आदेशको विपरीत हुने गरी विवादित जग्गामा जाने गरेको छैनौं भनी अदालतको उक्त आदेशप्रति मानसम्मान जनाई अदालतको आदेशप्रति सकारात्मक रहेको भन्ने देखिन्छ । विपक्षीहरूले अदालतको आदेशमा कुनै वाधा विरोध नगरेको अवस्थामा पुनरावेदकको निवेदन दावीअनुसार विपक्षीहरूले अदालतको अपहेलना गरेको पुष्टि र प्रमाणित हुन नसकेको स्थितिमा दोषी ठहर गर्नु न्यायसम्मत् नहुने ।

इजलास अधिकृतः श्रीप्रसाद संजेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल असार २४ गते रोज ६ शुभम् ।

२२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-WO-१२७७, उत्प्रेषणयुक्त परमादेश, *उदयबहादुर भट्ट वि. विन्ध्यवासिनी उच्च माध्यमिक विद्यालय नारेश्वर, गोरखा*

प्रधानाध्यापकको पद रिक्त अवस्थामा शिक्षा नियमावली, २०५९ को नियम ९३(१२) बमोजिम वरिष्ठ अध्यापकले निमित्त भई काम गर्ने व्यवस्था रहेको देखिन्छ । सो प्रयोजनको लागि जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय पोखराले समेत सम्बन्धित विद्यालयलाई नियम ९३(१२) बमोजिम नियमानुसार गर्नु हुन भनी लेखी पठाएको समेत

देखिन्छ । नियम ९३(१२) बमोजिम निमित्त प्रधानअध्यापकको जिम्मेवारी उपलब्ध अध्यापकहरू मध्ये वरिष्ठले स्वतः ग्रहण गर्ने कुरा भएकोले सम्बन्धित विद्यालय व्यवस्थापन समितिले समेत तजवीज गर्न सक्ने अवस्था नरहने ।

सामुदायिक विद्यालयमा प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत् शिक्षकहरूमध्ये वरिष्ठतम् स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ । तर, कुनै विद्यालयमा एकभन्दा बढी तह भएमा माथिल्लो तहको वरिष्ठतम् शिक्षकले निमित्त भई काम गर्नेछ भन्ने व्यवस्था रहेकोले नियम ९३(१२) बमोजिम निमित्त प्र.अ. हुनलाई नियम ९३(२) को अवस्था आकर्षित नहुने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम
कम्प्युटरः निर्मला भट्ट
इति संवत २०६८ साल माघ ३ गते रोज ३ शुभम् ।

२३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६३ सालको WO-१२२५, उत्प्रेषणयुक्त परमादेश, *भीमप्रसाद बेलवासे वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

विद्यालय शिक्षकको लागि एकपटक निवृत्तिभरण पाउने गरी अवकाश प्राप्त भएको शिक्षकले पुनः शिक्षक पदमा प्रवेश गरी स्थायी नियुक्ति लिन सक्नेमा विवाद देखिन्न । पुनः शिक्षक पदमा प्रवेश गरी गरेको सेवा अवधिलाई पहिले गरेको सेवा अवधिसँग जोडाउन सक्ने भन्ने कानूनी व्यवस्था शिक्षा नियमावली, २०५९ को नियम ११४ (च) मा गरेको छ सो नियम ११४(च) को व्यवस्था नै आफैमा पूर्ण नरही नियम ११४(क) मा यो नियम प्रारम्भ भएपछि नियुक्ति हुने शिक्षकले नियुक्त पाएको मितिले एक बर्षभित्र शिक्षक किताबखानाबाट नोकरी अवधि जोडाउनु पर्ने सो पछि गणना नगरिने भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ । जुन व्यवस्था लागू हुनुपूर्व नै यी निवेदक आफ्नो पछिल्लो शिक्षक पदबाट मिति २०६०।११।१ मा राजीनामा गराई निवृत्तिभरण लिई बसिसकेको अवस्थामा पछि आएर शिक्षा नियमवाली, २०५९ मिति २०६०।१२।१६ मा दोस्रो संशोधनमा भएको छ । सो संशोधनमा एक पटक निवृत्तिभरण पाइसकेको व्यक्ति पुनः शिक्षक पदमा स्थायी नियुक्ति भै अवकाश पाएमा सो व्यक्तिले चाहेमा आफू बहाल छँदै पछिको नोकरी अवधिमा अगाडिको नोकरी अवधिमा गणना गराई निवृत्तिभरण लिन सक्ने कानूनी व्यवस्था भएको भए पनि सो संशोधन हुनुपूर्व नै अघिल्लो र पछिल्लो दुबै शिक्षक पदबाट अवकाश भै निवृत्तिभरण नै पाइरहेको व्यक्तिको हकमा शिक्षा नियमावली, २०५९ को उक्त व्यवस्था आकृष्ट हुन नसक्ने ।

इजलास अधिकृत : श्रीप्रसाद संजेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल चैत्र १ गते रोज ३ शुभम् ।

२४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** २०६५-CI-०३९६, करारबमोजिमको विद्युत महसूल दिलाई पाऊँ, *अशोककुमार सहनी वि.रमेश कुमार गुप्ता*

पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादीबीच भएको मिति २०५४।७।२५ को लिखत घरसारमा भए पनि सो लिखतको अस्तित्वलाई दुबै पक्षबाट स्वीकार गरेको र सो लिखतको प्रकृति हेर्दा करार ऐनबमोजिम तयार भएको उक्त लिखतको अभिप्रायबाट समेत करारनामाको लिखत भन्ने नै देखिन्छ । सो लिखतबमोजिम पुनरावेदक प्रतिवादीले पनि वादी दावीको विद्युत महसूल बुझाउनु पर्ने आफ्नो दायित्व रहे भएको स्वीकार गरेको तर पूरै रकम भने नबुझाई रु.८,०००।- सम्म बुझाएको मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि भइरहेको देखिँदा वादी दावीको रु.९४,३७४।९३ बाट उक्त बुझाएको रकम घटाई बाँकी हुन आउने रकम रु.८६,३७४।९३ मात्र यी पुनरावेदक प्रतिवादीबाट प्रत्यर्थी वादीले भराई लिन पाउने ।

इजलास अधिकृत : श्रीप्रसाद संजेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल फागुन २९ गते रोज १ शुभम् ।

**इजलास नं. ४**

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री अवधेशकुमार यादव,** ०६६-CI-०७८५, निर्णय बदर ३ नं. मोही प्रमाणपत्र बदर, *जनक राउत अहिर वि. लालमन राउत अहिर*

कि.नं. ११२ को जग्गाको धनी रामजानकी मन्दिरको समितिलाई विपक्षी मोही लालमनको तर्फबाट २०६६ साल समेतको कुत बुझाई भरपाई लिएको मिसिल संलग्न सो भरपाईहरूको प्रलिलिपिबाट देखिएको अवस्था छ । साथै लालमन अहिरले पहिला नै ३ नं. प्रमाणपत्र प्राप्त गरिसकेको तर्फ यी पुनरावेदक प्रतिवादी जनक राउत अहिरले पनि अन्यथा भन्न सकेको देखिँदैन । यस स्थितिमा विपक्षी वादी लालमन अहिर नै विवादित कि.नं. ११२ को जग्गाको वास्तविक मोही रहेकोमा विवाद देखिन आउँदैन । सोको अतिरिक्त १ नं. लगत र ३ नं. मोहीको प्रमापणपत्र समेत भूमिसुधार कार्यक्रम लागू हुँदाको अवस्थामै विपक्षी वादी लालमन राउत अहिर नाममा तयार भैसकेको भन्ने देखिएबाट पनि उक्त विवादित कि.नं. ११२ को जग्गाको वास्तविक लगतवाला मोही यिनै विपक्षी वादी लालमन राउत अहिर नै रहेको देखिने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल चैत ११ गते रोज ६ शुभम् ।

- यसै प्रकृतिको ०६६-CI-०७८४, निर्णय बदर ३ नं. मोही प्रमाणपत्र बदर, *जनक राउत अहिर वि. लालमन राउत अहिर* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-WO-०५७६, परमादेश, *फिरू थारू वि. जिल्ला प्रहरी कार्यालय, लिवाङ्ग, रोल्पा समेत*

रिट निवेदकको छोरा सेनाको अमलदार पदमा कार्यरत् मृतक पदमबहादुर थारू मिति २०६४।८।२९ गते बिहानै ९ बजेदेखि नै ब्यारेकभित्र नरही हराएकोमा मिति २०६४।९।४ गते मात्र ब्यारेक नजिकै बाँसको रूखमा झुण्डिई रहेको अवस्थामा भेटिएको भन्ने व्यहोरा प्रस्तुत रिट निवेदन तथा शुरू जाहेरी व्यहोराबाट देखिएको छ । लास पोष्टमार्टम रिपोर्टमा “Death Due to Hanging” भनिएको देखिन्छ ।

जिल्ला प्रहरी कार्यालयबाट निज कार्यरत् गणलाई निजको मृत्यु सम्बन्धमा च.नं. १९५ मिति २०६४।९।९ को पत्रबाट उपलब्ध भएसम्मका तथ्यहरू खुलाई पठाइदिन पत्राचार गरेको र लासको पोष्टमार्टम पनि अनुसन्धानकै क्रममा भए गरेको देखिन्छ । निज मृतक कार्यरत् ब्यारेकबाट निज हराएको भनिएको मिति २०६४।८।२९ गते राति ८ बजे मृतकका काठमाडौं स्थित भाइसँग सम्पर्क गरेको भन्ने शुरू जाहेरी तथा प्रस्तुत रिट निवेदनबाट देखिन्छ । उक्त मितिमा बिहान ९ बजेदेखि ब्यारेकमा नदेखिएका मृतकका बारेमा बुझ्न सो सम्पर्क गर्नुलाई अस्वाभाविक मान्नुपर्ने अवस्था नदेखिँदा अनुसन्धान तहकीकात गर्न उद्यत रहे भएकै देखिने र लिखित जवाफबाट समेत अनुसन्धान प्रक्रिया समाप्त भइसकेको समेत नदेखिने भएबाट निवेदन मागबमोजिमको आदेश तत्काल जारी गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः वसन्तजंग थापा

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल चैत ७ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-WO-०८९४, उत्प्रेषण, परमादेश, *निर्मलकुमार थापा वि. गृह मन्त्रालय समेत*

प्रहरी प्रधान कार्यालयको मिति २०६१।१०।१८ को नोकरीबाट निकाल्ने निर्णयउपर यी निवेदकको पुनरावेदन परी गृह मन्त्रालयले सो निर्णय उल्टाउँदै साविक पदको टाइम स्केलको तल्लो स्केल (सोही पदको शुरू स्केल) मा घटुवा गर्दै प्र.ना.नि. पदमा पुनर्बहाली हुने भनी मिति २०६५।४।३ मा निर्णय गरेको देखिन्छ । सो निर्णयपश्चात् मिति २०६५।४।१२ देखि मात्र तलव भत्ता खान पाउने गरी प्रहरी प्रधान कार्यालयले निजलाई पुनः पदस्थापना गरेको देखिन्छ । यो निर्णयमा चित्त नबुझी यसलाई चुनौती दिएको अवस्था छैन । साविक पदको टाइम स्केलको तल्लो स्केल (सोही पदको शुरू स्केल) मा घटुवालाई स्वीकार

गरेपछि त्यसको परिणाम पनि निवेदकले स्वीकार गर्नुपर्ने ।
इजलास अधिकृतः वसन्तजंग थापा
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल चैत ७ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-WO-०१२९५, उत्प्रेषण, *टपबहादुर गुरुङ वि. गृह मन्त्रालय समेत*

रिट निवेदक गोरखामा कार्यरत् रहेकोमा निजलाई पोखरामा झिकाई त्यही छानबीन गरी कारवाही गरिएको कानूनसंगत छ वा छैन भन्नेतर्फ हेर्दा यी निवेदक मिति २०६५।३।१५ को विद्रोहजन्य कारवाहीमा संलग्न रहेको भन्ने जाँचबुझका क्रममा जुटेका विभिन्न सूत्र र स्रोतको आधारमा निजउपर कारवाही गरिएको देखिन्छ । गण्डकी अञ्चल प्रहरी कार्यालय अञ्चलगत हिसाबले हेर्दा जिल्ला प्रहरी कार्यालय गोरखाको तालुक अड्डा रहेकोमा विवाद देखिँदैन । यसरी गोरखामा अख्तियारप्राप्त अधिकारीको मौजूदगी नभएपछि आफ्नो मातहतको कार्यालयमा कार्यरत् निजलाई आफ्नो निगरानीमा बोलाई छानबीन र जाँचबुझ गरी कसूर देखिइसकेपछि मात्र यी रिट निवेदकलाई सम्बन्धित प्रहरी ऐन नियमबमोजिम भविष्यको लागि अयोग्य नठहरिने गरी सजाय कारवाही भई पुनरावेदकीय तहबाट समेत सदर भएको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः बसन्तजंग थापा
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल चैत ७ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-WO-०४६८, उत्प्रेषण, *हरिनारायण रौनियार वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

२०६६।८।८ मा एक वर्षका लागि कालोसूचीमा राख्ने निर्णय २०६७।८।७ मा समाप्त भएबाट आज २०६७।१२।७ मा रिट जारी गर्दा सो आदेश निष्प्रयोजित हुने स्थिति छ । निर्णयको असर स्वतः समाप्त भइसकेको स्थितिमा रिट जारी गर्नु वा नगर्नुको कुनै खास प्रयोजन रहन जादैन । अदालतले प्रयोजनहीन आदेश नगर्ने भएबाट निवेदकलाई कालोसूचीमा राखिएको निर्णयको अन्तरवस्तुभित्र प्रवेश गरिरहन नपर्ने ।
इजलास अधिकृतः वसन्तजंग थापा
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल चैत ७ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CI-०८०७, बहाल भराई घरबाट उठाई पाऊँ, *ज्ञानीमाया थापा श्रेष्ठ वि.दिव्यराम थापा श्रेष्ठ*

दावी गरिएको घर जग्गा वादीको अंशहकको आफ्नो हो भन्ने देखिएकोले सो घर जग्गाको मालिक वा धनीसँगको सहमतिबेगर त्यसमा बसी आएको पुनरावेदिकाले सो घर जग्गा खाली गर्नुपर्ने नै देखिन्छ । तर सो घर यी प्रतिवादीलाई बस्न घर वहालमा दिने गरी कुनै कवुलियत वा करार नभएको अवस्थामा दावीबमोजिमको घर बहाल यी वादीले भराउन नपाउने हुनाले वादीले यी पुनरावेदिका प्रतिवादीलाई सो घरबाट उठाई घर खाली गराई लिन सक्ने ।
इजलास अधिकृतःश्रीप्रसाद संजेल
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल भदौ १८ गते रोज १ शुभम्

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५-CR-०१९९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लरूवतीदेवी महतो नुनिया*

मृतकको मृत्यु जाहेरी दरखास्त, लास जाँच मुचुल्का, पोष्टमार्टम रिपोर्ट, मौकाको कागज र प्रतिवादी लरूवतीदेवीको अदालतमा भएको बयान समेतबाट भैंसीले हाने कुल्चेको कारण नभई यी प्रतिवादीहरूको कर्तव्यबाट भएको भन्ने देखिइरहेको अवस्थामा समयको अन्तरालमा यी प्रतिवादी समेतलाई आरोपित कसूरको सजायबाट बचाउने उद्देश्यका लागि मात्र जाहेरवाला समेतले आफ्नो भनाई फेरेको स्पष्ट देखिन्छ । प्रमाणबाटै भैंसीले हानेको तथ्य पुष्टि नभएपछि तथ्यको विपरीत जाहेरवाला समेतले अभियोग दावी खण्डन हुने गरी गरेको वकपत्रहरू प्रमाणको रुपमा ग्रहण गर्न नमिल्ने ।

प्रतिवादी लरूवतीले मृतकलाई मार्नु पर्नेसम्मको पूर्व रिसइवी, मनसाय र तयारी केही नरहेको भैंसी चराउन गएका छोराछोरीहरू बीचको कुराबाट उठान भई मृतक र प्रतिवादी समेत बीच भनाभन भै विवाद बढ्दै गई सोही जरीयाबाट तत्कालै उठेको रिसका कारण कुटपीट गर्दा मृतकको टाउको, छाती र पेटमा परेको चोटको कारणबाट मृत्यु भएको मिसिल संलग्न प्रमाणबाट पुष्टि भएकाले प्रतिवादी लरुवतीदेवी महतोलाई ज्यानसम्बन्धी महलको १४ नं अनुसार १०(दश) वर्ष कैद हुने ।

इजलास अधिकृत: श्रीप्रसाद संजेल

कम्प्युटर: सरस्वती पौडेल

इति संवत् २०६८ साल भदौ १८ रोज १ शुभम् ।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** पुनरावेदन नं. ०६६-CR-०७०७, ०६७-CR-०५१८, कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग, *उमेश गुरुङ वि. नेपाल सरकार, नेपाल सरकार वि. उमेश गुरुङ*

फौजदारी मुद्दामा प्रतिवादी पक्ष सवल र मुद्दामा आउने साक्षीहरूलाई आफू वा आफ्ना गठमेलका व्यक्तिमार्फत् सकारात्मक र नकारात्मक प्रभाव पार्नसक्ने अवस्थाको हुन्छ भने कतिपय अवस्थामा मौकामा बुझिएका व्यक्तिहरू सोही प्रभावको कारण अदालतमा उपस्थित नहुने र उपस्थित भए पनि प्रतिवादीकै समर्थनमा बकपत्र गर्ने हुन्छन् । तर पनि मिसिलबाट देखिएको तथ्य र परिस्थितिले प्रतिवादीको दोषलाई देखाइरहेको हुन्छ । तथ्यगत परिस्थितिलाई तोडमोड गर्न नसकिने हुँदा तथ्यगत परिस्थितिले नै कतिपय अवस्थामा वास्तविकतालाई दर्शाइरहेको हुने ।

मिसिल संलग्न तथ्य र परिस्थितिको समग्रतामा विश्लेषण र विवेचना एवं उपलब्ध प्रमाणहरूको मूल्याङ्कन गरी हेर्दा प्रतिवादी उमेश गुरुङ राकेश लिम्बूको ज्यान मार्ने कसूरदारमध्ये एक भएको पुष्टि भइसकेको छ । निजको भनाईअनुसार निजकै जिम्मामा वारदात भएको दिन सञ्चालनमा रहेको रोयल डिस्कोभित्र ठूलो वारदात हुन्छ, त्यसमा मानिस मरेको छ, कतिपय मानिस घाइते भएका छन्, त्यस वारदातबारे प्रहरीलाई खबर समेत नगरी वारदातमा लागेको घाउ निको गराउन गाउँमा बसी उपचार गराएको भन्ने उमेश गुरुङको भनाई र निजमाथि गरिएको प्रहार एकपटक छल्दा राकेश लिम्बूलाई लागी निजको मृत्यु भएको भन्ने यी दुबै कुरा शतप्रतिशत झूट्टा देखिन आएको समेतबाट निज उमेश गुरुङले आरोपित कसूर गरेको शंकारहित ढंगबाट प्रमाणित भइरहेकोले निजले आरोपित कसूर गरेको ठहऱ्याई जिल्ला अदालत र पुनरावेदन अदालतबाट भएको फैसला निजको हकमा मुनासिब देखिँदा सदर हुने ।

वारदातको स्वरूप हेर्दा मृतक एक्लै नभई समूहमा आएको अवस्थामा दुईपक्षबीच भएको विवादको क्रममा दोहोरो झडप भएको रहेछ । सोही क्रममा प्रतिवादीले समेत हतियारको प्रयोग गरेबाट मृतकको मृत्यु भएको देखिन आएको छ । यसरी घटनाको अवस्था र प्रकृतिलाई विचार गर्दा यी पुनरावेदकलाई कानूनबमोजिमको सजाय गर्दा निजले गरेको कसूरको अनुपातमा र न्यायपूर्ण नभई चर्को पर्न जाने देखिन्छ । यस अवस्थामा शुरूले यी प्रतिवादीले अभियोग दावीबमाजिम कसूर गरेको ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने एवं अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैदको सजाय गर्न उचित हुने ।

घटनास्थलमा घाइते भनिएका व्यक्तिहरूको मौकाको जाहेरी तथा कागजबाट यी प्रतिवादीले पनि निजहरूलाई ज्यान मार्ने नियतले हतियार प्रहार गरेको भन्ने देखिन नआएको र यी प्रतिवादीले घाइतेहरूलाई ज्यान मार्ने नियतले हतियार प्रहार गरेको भनी अभियोजन पक्षका कुनै साक्षीहरूले बकपत्र समेत गरेको पाइएन । घटनास्थलमा दुई समूहबीच भएको झगडामा यी प्रतिवादीले कर्तव्य ज्यानतर्फ मृत्यु भएका राकेश लिम्बूलाई हतियार प्रहार गरी मारेको भनी सो हत्यामा देखाएको संलग्नताकै आधारमा निश्चयात्मक प्रमाणद्वारा पुष्टि नभई घाइते भनिएका व्यक्तिहरूलाई पनि ज्यान मार्ने उद्योग गरेको भन्न मिल्ने भएन । यस अवस्थामा यी प्रतिवादीलाई ज्यान मार्ने उद्योगतर्फ सफाइ हुने ।

तथ्यपरक र तर्कसंगत आधारबिना नै परेको प्रहरी कर्मचारीको प्रतिवेदनको आधारमा कसैउपर फौजदारी मुद्दामा अभियोग लगाउँदैमा अभियोजनपक्षको

कर्तव्य पूरा भएको मान्न मिल्ने हुँदैन । एउटै नाम भएका धेरै व्यक्ति हुनसक्ने भएकोले कसूरमा संलग्न रहेको व्यक्ति पहिचान नगरी नाम मिलेकै आधारमा प्रमाणिबिना अभियोग लगाउनु अभियोजन पक्षको दायित्व नहुने ।

शंका, अनुमान र मनोगत विश्वासको आधारमा वारदातको स्थापना गरिँदैन । फौजदारी कानूनअनुसार कसूर गरेको भन्ने स्वतन्त्र प्रमाणबाट स्थापित भएमा मात्र सम्बन्धित कसूरदारलाई सजाय गर्न सकिने भएकोले प्रमाणबाट कसूर गरेको भन्ने स्थापित हुन नसकेको अवस्थामा कसैलाई पनि कसूरदार ठहऱ्याउन वा सजाय गर्न मिल्ने हुँदैन । कसैउपर कुनै अभियोग लगाउँदा सो अभियोगलाई पुष्टि गर्नलाई शंकारहित प्रमाण पेश गर्न सक्नुपर्दछ । विवादित वा अनुमानित आधारमा कसैलाई सजायभागी बनाउन मिल्दैन । तसर्थ प्रतिवादी साजन महर्जनउपर लगाइएको कर्तव्य ज्यान र ज्यान मार्ने उद्योगको अभियोग प्रमाणित नभएको अवस्थामा कसूरदार ठहऱ्याउन नमिल्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल साउन २५ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. ०६५-WO-०२६२, परमादेश, *मोहम्मद नुरुल अमिन वि. गृह मन्त्रालय समेत*

शुरू निर्णय गर्ने सम्बन्धित कार्यालय वा निकायमार्फत् पुनरावेदन सुन्ने निकायमा पठाउने गरी दर्ता गर्न पेश गर्दा त्यस्तो पुनरावेदनपत्र म्यादभित्रको छ, छैन र कानूनबमोजिम रीत पुगेको छ छैन भन्ने जस्ता प्राविधिक कुराहरूको जाँचबुझ गर्ने अधिकार र दायित्व जुन निकायमार्फत् पेश गरिएको हो, सो निकायमा रहेको हुन्छ । कानूनबमोजिम रीत पुगे नपुगेको जाँच गरी रीत पुगेको देखिएमा सम्बन्धित निकायमा पठाउने नियमित प्रक्रिया र प्रचलन हो । प्रथम दृष्टिमै म्याद नाघेको देखिएपछि म्याद नाघेको पुनरावेदनपत्र दर्ता हुन सक्तैन र त्यस्तो पुनरावेदनपत्र दर्ता गरी सम्बन्धित निकायमा पठाउनुको औचित्य समेत नरहने ।

पुनरावेदनपत्र नै दर्ता नभएको अवस्थामा निवेदकको पुनरावेदनपत्रमा निर्णय गर्नु भनी मागबमोजिमको परमादेश जारी गर्नुपर्ने अवस्था पनि देखिन नआउने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल असार ३० गते रोज ५ शुभम् ।

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-WO-०४४३, उत्प्रेषणयुक्त परमादेश समेत, *हेमराज घिमिरे वि. मालपोत कार्यालय, संखुवासभा समेत*

आफूले दिएको निवेदनउपर जग्गा दर्ता समितिले गरेको निर्णय थाहा पाएर पनि त्यसलाई लोप गरी मालपोत कार्यालयमा दर्तासम्बन्धी निवेदन दिनु, “कुनै निर्णयउपर चित्त नबुझेमा त्यस्तो निर्णय बदर गराउन कानूनबमोजिम मार्ग अवलम्बन गर्नुपर्ने” *(स.अ. बुलेलिन,* २०५२, वर्ष ४, अङ्क १५, पृ.१०) भन्ने सिद्धान्त समेतले मिल्न आउने नदेखिने ।

आफ्नो हक हनन् भए सफा र प्रष्ट व्यहोरा उल्लेख गरी समयमा नै न्यायका लागि अदालतमा प्रवेश गर्नेलाई मात्र अदालतले मद्दत गर्न सक्दछ । अनुचित बिलम्ब गरी आउँदा त्यस्तो बिलम्ब गरी आउनेलाई असाधारण अधिकारक्षेत्रको प्रयोगबाट मद्दत गर्न नमिल्ने ।

रिटक्षेत्र स्वविवेकाधिकारयुक्त अधिकार भएकोले यसको अनुशरण गरी आउने व्यक्तिलाई वास्तविकरूपमा कुनै सार्वजनिक पदाधिकारी वा निकायले कानूनको त्रुटि गरी वा आफ्नो अधिकारक्षेत्र वा क्षेत्राधिकारको अतिक्रमण गरी कुनै नागरिक वा व्यक्तिको कानूनप्रदत्त हकमा आघात पुगेबाट अन्याय परेको प्रत्यक्ष देख्न सकिने पूर्वावस्था (Prima Facie) को विद्यमानता हुनुपर्दछ । यसको लागि अन्याय भएको महसूस हुनासाथ तुरुन्त र सक्दो तत्परताकासाथ पीडित व्यक्ति अदालत प्रवेश गरेको हुनुपर्दछ । अनुचित विलम्ब गरी प्रवेश गरेको छ भने निजको आचरणले विवादित कार्य वा त्यसको परिणामलाई स्वीकार गरी रिटक्षेत्रको गहनतालाई महत्व नदिएको मान्नुपर्ने ।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल साउन २३ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-CR-साधक-०७१, ०६६-RC-०११२, ०११३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. इन्द्रा न्यौपाने जैसी, इन्द्रा न्यौपाने जैसी वि. नेपाल सरकार, केशव भट्टराई वि नेपाल सरकार*

पुनरावेदक केशव भट्टराईले आफूले पहिला प्रहार नगरेको भन्ने जिकीर अदालतसमक्ष लिए तापनि चक्कु प्रहार गरेको होइन भन्न सकेको पाईंदैन। घटनास्थलबाट बिड भएको २ वटा सेतो चक्कु तथा रगत लागेको कपडा समेत बरामद भएको देखिन्छ भने सोही मिति २०६४।५।२ को घटनास्थल तथा लास प्रकृति मुचुल्काबाट यत्रतत्र रगतहरू रहेको र भदौ महिनामा पानी परेर रोकिएको भए पनि पानीको भल सँगै रगत पनि बगिरहेको चित्रण लास प्रकृति मुचुल्काले गरिरहेको अवस्था हुँदा यी पुनरावेदक प्रतिवादीहरूले मृतकलाई चक्कु प्रहार गरेका हुन् भन्ने तथ्यलाई घटनास्थल तथा लास प्रकृति मुचुल्काबाट पुष्टि भइरहेको देखिँदा प्रतिवादीहरू इन्द्रिा र केशव पहिला भागेर अन्यत्र भए पनि पछि फर्केर आफूलाई समर्पण गरेको अवश्य देखिन्छ। तर त्यत्तिकैबाट तिनीहरूले गरेको कसूरको गम्भीरतामा कमी आउन सक्ने देखिँदैन। अदालतमा साविती बयान गर्ने प्रत्येक कसूरदारलाई अ.बं. १८८ नं. को प्रयोग गरी सजायमा छूट दिन वा सजायमा कमी गर्न सकिँदैन। उक्त ऐनको यो मनसाय वा व्यवस्था होइन। वस्तुतः योजनावद्ध हत्याको वारदातमा अ.बं. १८८ को प्रयोग हुन नसक्ने।

इजलास अधिकृतः वसन्तजंग थापा
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६८ साल बैशाख ७ गते रोज ४ शुभम्।

१२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-CR-०६७५, कुटपीट, *परमानन्द झा वि.राम खेलावन साह सोगार*

वादी राम खेलावन साहको दाहिने हातमा लागेको चोटको प्रकृति हेर्दा एक ठाउँमा मात्र चोट लागेको र घटनास्थलमा मौजुद रहेको प्रत्यक्षदर्शी वादीका साक्षीहरू रामरतन साह र खेहरू यादवले प्रतिवादी परमानन्द झाले बाँसको लाठीले हानेको चोटबाट वादी राम खेलावान साहको दाहिने हात भाँचिएको भनी लेखाएकोबाट यिनै प्रतिवादीले हिर्काएर वादीको दाहिने हातमा एउटा मात्र चोट लागेको देखिँदा अन्य प्रतिवादीहरूको संलग्नता स्थापित हुन नआई यिनै पुनरावेदकले कुटपीट गरी वादीलाई चोट पुऱ्याएको देखिँदा प्रतिवादी परमानन्द झालाई कुटपीटको ७ नं. बमोजिम ६ महिना हैन तथा रु.२,०००। (दुई हजार) जरीवाना हुने।

इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल मंसिर २२ गते रोज ५ शुभम्।

१३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-CR-०४६४, वहुबिवाह, *कमलमोहन चापागाई समेत वि. नेपाल सरकार*

वस्तुतः नजीरको पालना र प्रयोग न्यायिक निरन्तरता, निश्चितता र न्यायिक अनुशासन कायम राख्नका लागि आवश्यक हुन्छ। तर, यसमा सतर्कता अपनाउनु पनि उत्तिकै आवश्यक तत्व हुन्छ। समान तथ्य भएको कुनै विवादको विषयमा कायम भएको कानूनी सिद्धान्त त्यस्तै तथ्य भएको अर्को विवादको विषयमा लागू हुन्छ। फरक तथ्य र परिस्थितिको मुद्दामा कायम भएको नजीर विषयको समानता वा पछिल्लो मुद्दाको नामाकरणमा समानताको आधारमा मात्र पहिला भन्दा विल्कुलै फरक तथ्य भएको मुद्दाको निर्णय गर्दा प्रयोग गर्न वा लागू गर्न मिल्ने होइन। यसकारण नजीरको पालना र प्रयोगमा पनि न्यायिक विवेकको प्रयोग गर्दै सतर्कता अपनाउनु आवश्यक हुने।

कुन काम वा क्रियालाई फौजदारी कानून भनी मान्नु पर्ने हो, कुन कसूरको लागि कति सजाय गर्नुपर्ने हो र कुन कसूरको सम्बन्धमा कति समयावधिभित्र उजूरी वा अभियोग दायर गरिसक्नु पर्ने हो भन्ने समेतका कुराहरू विधायिकाले ऐनद्वारा निर्धारित गर्ने कुरा हुन्। कुनै कसूरको सम्बन्धमा मुद्दा वा दावी गर्ने हदम्याद सीमित नरहने गरी खुल्ला राख्न र कुनै वा केही कसूरका लागि सीमित हदम्यादको व्यवस्था पनि ऐनमा विधायिकाले नै गर्ने कुरा हो। यी सबै बिधायिकी कार्यक्षेत्र (Legislative Function) भित्रका कुरा हुन्। ऐनले हदम्यादसम्बन्धी गरेको व्यवस्था सबैले मान्नु र लागू गर्नुपर्ने।

बहुविवाह मुद्दा गर्नका लागि सीमित समयावधिको हदम्याद कानूनले निर्धारित गरेको छ। यसमा कुनै विवाद छैन। बहुविवाह मुद्दा दायर गर्ने खुल्ला वा असीमित हदम्याद वा जहिले पनि दायर गर्न सकिने भन्ने ऐनले व्यवस्था नगरेकोले सीमित हदम्यादभित्रै बहुविवाह मुद्दा दायर गर्नुपर्ने ऐनको व्यवस्था र उद्देश्य स्पष्ट छ। यसलाई एक वा अर्को तर्क वा कारणको आधारमा असीमित वा खुल्ला हदम्यादको रुपमा परिणत वा परिभाषित गर्न नमिल्ने।

विहावारीको ११ नं. ले विहावारीको ६ र ७ नं. का कुरामा भए गरेका मितिले र अरुमा थाहा पाएको मितिले तीन महिनाभित्र नालिस नदिए लाग्न सक्दैन भन्ने कानूनी व्यवस्था गरेको परिप्रेक्ष्यमा प्रतिवादीहरू कमल मोहन चापागाई र चन्द्रमाया धामीबीच २०४८ सालमा विवाह भएको र २०५० र २०५५ सालमा दुई छोरीहरूको जायजन्म भई २०५७ सालमा बानेश्वरस्थित घरमा बसेको देखिन्छ। साथै छोरीहरूको जन्मदर्ता एवं आफूहरूको विवाह दर्ता समेत भैसकेको अवस्थामा तबसम्म संगोलमा नै रहेको भनी दावी गर्ने जाहेरवालीलाई प्रतिवादीहरू बीच विवाह भएको कुरा २०६३।१।१५ मा थाहा पाएको भनी २०६३।३।७ मा जाहेरी दरखास्त दिएको र मिति २०६३।३।३० मा अभियोग दायर भएको देखिँदा उल्लिखित कानूनको हदम्यादभित्र प्रस्तुत अभियोगपत्र दायर भएको नदेखिँदा हदम्याद नाघी दायर भएको प्रस्तुत अभियोग दावी खारेज हुने।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत २०६८ साल मंसिर २२ गते रोज ५ शुभम्।

१४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६५-CI-०८१७, घरबाट उठाई चलन चलाई पाऊँ, *कान्छा डंगोल वि. लोकबहादुर महर्जन*

वादीको भागमा परेको घर जग्गामा यी विपक्षी प्रतिवादी अद्यपि बसिरहेको भन्ने तथ्यलाई यी प्रतिवादीले स्वीकारै गरेको देखियो। यसरी केवल सट्टापट्टाको लिखतको आधारमा वादीको भागमा परेको घरजग्गामा आफ्नो हक भएकोले बस्न पाउनुपर्छ भन्ने यी विपक्षी प्रतिवादीको जिकीर कानूनसम्मत् देखिन आएन। सो सट्टापट्टाको लिखतले कानूनी हैसियत र मान्यता प्राप्त गर्न नसकेपछि सोबमोजिम यी पुनरावेदक वादीको भागमा परेको घरमा विपक्षी प्रतिवादीले थप निर्माण गर्ने र बसिरहन पाउने अवस्था पनि रहँदैन। वादीको अंश हकको घरमा प्रतिवादीले अनधिकृत बसेको देखिँदा त्यसबाट वादीले प्रतिवादीलाई उठाउन पाउने र प्रतिवादीले सो घरबाट उठी जानुपर्ने।

२०२४ सालको अंशबण्डाबाट वादीको अंशहकको देखिएकोले सो घरमा प्रतिवादी बसेको र २०२६ सालमा भएको भनिएको सट्टापट्टाको लिखत पारीत भएको नदेखिएकोले सो घरबाट यी विपक्षी प्रतिवादीको उठी जानुपर्ने ठहर्छ। साथै घर बहाल सम्बन्धमा कुनै लिखत नभएकोले बहाल भराइपाऊँ भन्नेतर्फ वादी दावी नपुग्ने।

इजलास अधिकृतः वसन्तजंग थापा

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल बैशाख ५ गते रोज २ शुभम्।

१५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६६-CR-०४९६, मूल्य अभिवृद्धिकर, *तिलकप्रसाद रिजाल वि. आन्तरिक राजश्व कार्यालय, विराटनगर समेत*

राजश्व न्यायाधिकरण, विराटनगरको मिति २०६०।१२।२ को फैसलाबमोजिम आन्तरिक राजश्व कार्यालयले मिति २०६१।५।१८ मा पुनः अन्तिम कर निर्धारण गर्ने आदेश भएकोमा सो आदेश पनि नमिलेको भनी राजश्व विभागले मिति २०६२।१।१८ मा पुनः कर निर्धारण गर्न पठाउने निर्णय गरेकोमा सो दुबै परस्परविपरीत प्रकृतिको निर्णयहरूलाई नै उचित ठहऱ्याएको देखिँदा राजश्व न्यायाधिकरण, विराटनगरको मिति २०६५।१।१६ को फैसला आफैँमा विरोधाभाषपूर्ण हुन पुगेको देखिँदा आन्तरिक कर कार्यालयले २०६१।५।१६ मा गरेको निर्णय पर्चा र २०६१।५।१८ मा गरेको कर निर्धारण आदेशलाई सदर गर्ने गरेको हदसम्म नमिलेको हुँदा सो हदसम्म उक्त राजश्व न्यायाधिकरणको मिति २०६५।१।१६ को फैसला केही उल्टी हुने।

इजलास अधिकृतः वसन्तजंग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल बैशाख ५ गते रोज २ शुभम्।

१६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६६-RC-००८९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सञ्जय चन्द्रवंशी*

लास प्रकृति मुचुल्काबाट मृतकको टाउकोमा विभिन्न नाप साइजका गहिरा चोटहरू लागी रगत बगी सुकेको शव परीक्षण प्रतिवेदनबाट मृत्युको कारणमा Bleeding Shock-Death भन्ने उल्लेख भएको देखिन्छ। मृतकलाई आफूले लाठी प्रहार गर्दा सोही चोटले मृत्यु भएको तथ्यमा प्रतिवादीले विवाद नउठाई स्वीकारै गरेको देखिन्छ। रक्सी खाएको मृतकले प्रतिवादीबाट बेसार फिर्ता पाउने सम्बन्धमा विवाद गरेको अवस्थामा मृतकले यी प्रतिवादीलाई २।४ थप्पड हिर्काएको भन्ने निहुँमा प्रतिवादीले लौरो खोजी टाउको जस्तो संवेदनशील अङ्गमा निर्घातरूपमा पटक-पटक प्रहार गरेको तथ्य निर्विवाद रूपले स्थापित भइसकेको अवस्था छ। रक्सी खाएको व्यक्तिले २।४ थप्पड हिर्काएकै कारण प्रतिवादीले सो कुरा सहन गर्न नसकी आवेशमा आउनुपर्ने स्थिति सामान्यतया हुँदैन। तर यी प्रतिवादीले पनि मादक पदार्थ खाएको अवस्थामा मृतकले उपरोक्त बमोजिमको व्यवहार गर्दा उक्त वारदात भएको देखिन आउँछ। बाँसको लट्ठीले संवेदनशील अंगमा निर्घातरूपमा पटक-पटक हिर्काउँदा मानिस मर्न सक्ने सामान्य समझबुझको कुरा हो। यसतर्फ गम्भीर नभई सामान्य समझबुझको बेवास्ता गरी प्रतिवादीले कुटपीट गरेको कारण मृतकको मृत्यु भएको देखिएको छ। यस्तो अवस्थामा अभियोग दावीबमोजिम प्रतिवादीले कसूर गरेको देखिने।

मार्नुपर्नेसम्मको पुरानो रिसइवी नभएको अवस्था समेतलाई मध्यनजर गर्दा प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने नै देखिन्छ। यसर्थ अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई १० वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम्।

१७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** २०६५ सालको दे.पु.नं. CI-०४२१, ०४२२, लिखत बदर दा.खा. समेत, *सरोज रिजाल वि. सन्तोषकुमार खाँ थारू, मनिलाल सरदार वि. सन्तोषकुमार खाँ थारू*

मिलापत्रबाट यी विपक्षी वादीको नाममा एकलौटी कायम हुने भैसकेका जग्गाहरू लेनदेन मुद्दाबाट अर्के तेस्रो व्यक्तिको नाममा कानूनबमोजिम नै कित्ताकाट भै गएको भए तापनि त्यसरी प्राप्त हुने सम्पत्तिको कानूनी हैसियत शून्य भई त्यस्तो नामसारी दाखेल खारेजले अन्ततोगत्वा कानूनी मान्यताप्राप्त गर्न नसक्ने हुँदा कानूनबमोजिमको दर्ता शुरू हकप्राप्त हुन नसकेको सम्पत्तिको हस्तान्तरण, स्वामित्वको कानूनी वैधताबिना ग्राह्य नहुने भन्ने विधिशास्त्रीय सिद्धान्त र मान्यताअनुरूप सरोज रिमालका नाममा लिलाम सकारबाट त्यसरी हस्तान्तरित सम्पत्तिले कानूनी वैधता पाउन नसक्ने।

इजलास अधिकृतः वसन्तजंग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल बैशाख ४ गते रोज १ शुभम्।

१८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** ०६५-CR-०३८९, ०६५-CR-७११, झूट्टा विवरण पेश गरी नागरिकता लिन खोजेको, *नेपाल सरकार वि. खड्गबहादुर सुवेदी समेत, कुवेरप्रसाद पौडेल वि. नेपाल सरकार*

सहअभियुक्तहरू भक्तबहादुर श्रेष्ठ र पदमबहादुर श्रेष्ठको पोलबाहेक अन्य सबूद प्रमाण मिसिलसाथ प्रस्तुत हुन सकेको देखिँदैन। प्रतिवादी खड्गबहादुर सुवेदीले फारम भर्न लगाएको भन्नेसम्म उल्लेख भएको देखिन्छ। निजले आफ्नो हातले फाराम भरी दिएको वा निजकै हस्तलिखितबाट नागरिकताको फाराम भरेको हो भनी भन्न सकेको देखिँदैन। निज खड्गबहादुर स्वयंले फाराम भरिदिएको भए त्यस्तो लिखत विशेषज्ञद्वारा जाँच परीक्षण गराउनु पर्ने हुन्छ। तर, प्रस्तुत मुद्दाको सन्दर्भमा त्यस्तो स्थिति उत्पन्न भएको नदेखिँदा सफाइ पाउने।

प्रतिवादी शिव लिम्बू अदालतमा उपस्थित नभई आफ्नो सफाई पेश गर्ने मौका गुमाएकोले निज कसूरदार देखिएको भन्नेसम्म जिकीर लिएको देखिन्छ। प्रतिवाद गर्न उपस्थित नहुनु मात्र कसूर कायम गर्नका लागि पर्याप्त आधार बन्न सक्दैन। निजको विरूद्ध

अन्य थप प्रमाणहरू पेश गरी निज कसूरदार हो भन्ने कुरालाई पुष्टि गरेको हुनुपर्दछ । तर, निज शिव लिम्बू विरूद्ध कुनै ठोस प्रमाण पेश हुन सकेको देखिँदैन । तसर्थ निज शिव लिम्बूले पनि कसूर दावीबाट सफाइ पाउने ।

जानी जानी सिफारिश गरेको होइन आफ्नै अफीसका मुखियाले चिन्दछु भनेको र स्कूलको प्रमाणपत्र दाखिल गरेकोले त्यसैको विश्वासमा परी सिफारिश गरेको हुँ भनी पुनरावेदनपत्रमा जिकीर लिएको देखिए तापनि निजले नागरिकता दिने, दिलाउने जस्तो संवेदनशील विषयमा सिफारिश गर्नु पर्दा आफैले राम्रोसँग चिन्दछु भनी सिफारिश गरेको देखियो । नचिनेमा त्यसरी सिफारिश गर्न मिल्ने होइन । आफूले व्यक्तिगतरूपमा चिनेको व्यक्ति बाहेक अरू कुनै व्यक्ति नागरिकताको सिफारिशको लागि आउँछ भने त्यसलाई सिफारिश दिने कि नदिने अन्तिम जिम्मेवारी निज सिफारिशकर्ता कर्मचारीमाथि नै रहने हुँदा कुवेरप्रसाद पौडेललाई कसूरदार ठहऱ्याएको तथा खड्गबहादुर सुवेदी र शिव लिम्बूलाई अभियोग दावीबाट पूर्णतः सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत इलामको फैसला सदर हुने ।

इजलास अधिकृतः बसन्तजंग थापा

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल बैशाख ४ गते रोज १ शुभम् ।

१९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** ०६५-CR-०२४०, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. रामकुमार श्रेष्ठ*

प्रतिवादी रामकुमार श्रेष्ठले अदालतसमक्ष मेरी श्रीमतीलाई मार्ने मनसाय थिएन भनी मार्ने नियतले प्रहार गरेकोमा इन्कार रही बयान गरेको देखिन्छ । निजले अनुसन्धान अधिकारीसमक्ष आफ्नी श्रीमती पीडित रामकुमारीलाई खुकुरीले प्रहार गर्दा भान्सातर्फ भागेकीले खुकुरी धानबारीमा फाले भनी बयान गरेको देखिन्छ । यसबाट निजले आफ्नो श्रीमतीलाई मार्ने नै मनसाय लिएको भए खुकुरी धानबारीमा फालिरहनु पर्ने स्थिति हुने थिएन । किनकि मार्ने नै नियत रहेको भए खुकुरी लिई श्रीमतीलाई लखेट्दै निरन्तर प्रहार गरिरहन पनि सक्थ्यो । यसले प्रस्तुत मुद्दाको सर्न्दर्भमा विपक्षी प्रतिवादी रामकुमारले श्रीमतीलाई मार्नेसम्मको अन्तिम प्रयास गरेको भन्न सक्ने स्थिति नदेखिँदा प्रस्तुत मुद्दा दुनियावादी कुटपीटतर्फ परिणत हुने ।

इजलास अधिकृतः बसन्तजंग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल बैशाख ४ गते रोज १ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६७ सालको WO-०२३७, उत्प्रेषण समेत, *परमेश्वर धरिकार वि. जिल्ला शिक्षा कार्यालय, नवलपरासी समेत*

शिक्षक छनौटको लागि लिइएको परीक्षामा ज्ञानेन्द्र चौधरीले ७४.७५ अंक, प्रद्युम्न राजभरले ७३.७५ र रिट निवेदकले ६३ अंक प्राप्त गरेको भन्ने लिखित जवाफ व्यहोराबाट देखिन्छ । उपरोक्त तथ्यबाट निवेदक शिक्षक पदपूर्तिका लागि लिइएको प्रतिस्पर्धात्मक परीक्षामा सम्मिलित भै सम्पूर्ण परीक्षा प्रणालीमा सहभागी भै असफल भएपछि मात्र अन्य व्यक्तिहरू सम्भाव्य उम्मेद्वार बन्न नपाउने भनी दायर गरेको प्रस्तुत रिट निवेदनबाट मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

कोटा नछुट्याई आव्हान गरिएको विज्ञापन स्वीकार गरी आवेदन गर्ने यी रिट निवेदकले आफू प्रतिष्पर्धात्मक परीक्षामा असफल भएपछि मात्र दलित जातिको सूचीमा परेको व्यक्ति भएकोले आफूले नियुक्ति पाउनुपर्छ भनी लिएको जिकीर युक्तिसँगत तथा तर्कसंगत नदेखिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल पुस ५ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६ सालको CI-०६३८, मोही नामसारी, *मेरखुनवा चमैन वि. श्रवण हजरा दुसाद*

२०६२।१२।२० मा भएको फैसलामा यी विपक्षी समेतलाई बुझेको नदेखिई सुनुवाइसम्बन्धी प्राकृतिक

न्यायको सिद्धान्तबाट बञ्चित गरी भएको सो फैसलालाई आधार मानी अलगअलग नाम र स्रेस्ताका आधारमा मोहियानी नामसारी माग गरेको प्रस्तुत मुद्दामा एउटै व्यक्ति हो वा होइन भन्ने प्रश्नको निरोपण नै नगरी दावी खारेज गरेको शुरू फैसला बदर हुने भै पुनः निर्णयको लागि शुरू भूमिसुधार कार्यालयमा पठाउने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल भदौ २३ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६७ सालको रिट नं. ०६७-WO-०४७७, परमादेश, *नरेशकुमार चापागाई समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

बढुवासम्बन्धी व्यवस्था निर्धारण गर्न बनेको निजामती सेवा ऐनले नै न्याय सेवा र लेखा परीक्षण सेवा तथा सोबाहेकका अन्य सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव वा सो सरहको पदको बढुवा सम्बन्धमा बेग्लाबेग्लै कानूनी व्यवस्था गरेको हुँदा कानूनअनुसारको सो व्यवस्था अवलम्बन गरी बढुवा गर्दा विभेदकारी व्यवहार गरेको भन्न नमिल्ने ।

निवेदकहरूले नै समयमै सरकारले विशिष्ट श्रेणीको बढुवा प्रक्रिया थालनी नगरेबाट सहसचिव पद रिक्त हुन नसकेको उल्लेख गरेको देखिएकोले र त्यस्तो अनिश्चित् अवस्थामा चालु आर्थिक वर्षभित्र यति नै सिट सह-सचिव पद रिक्त हुने भनी यकीन गर्न सकिने अवस्था विद्यमान नदेखिँदा त्यस्तो पद समेत विज्ञापन नं. १८१ को सूचनामा समावेश गर्न वा बढुवा कार्यवाही गर्दा सो सिट समेत समावेश गरी बढुवा गर्नु भन्न मनासिब नदेखिने ।

कुनै कर्मचारीको पद अवकाशद्वारा रिक्त हुने संख्या यकीन हुने संख्या यकीन हुन सक्छ । तर निवेदकको सरोकारको पदभन्दा माथिल्ला पदहरू रिक्त हुन्छन् अनि त्यसमा सहसचिवहरू बढुवा हुन्छन् र त्यसरी रिक्त हुने पद पनि विज्ञापनमा समावेश गर्नुपर्छ भन्नु स्वयंमा अनुमानित विषय हुँदा यस्तो अनुमानमा टेकेर अदालतले आदेश गर्नु उचित हुन नआउने ।

बढुवासम्बन्धी कारवाही समयमै नगर्दा कर्मचारीको वृत्तिविकासको सवालमा हौसला वृद्धि हुनुको सट्टा मनोबलमा ह्रास आई समग्र प्रशासनयन्त्रमा नकारात्मक असर पर्ने सम्भावनालाई इन्कार गर्न सकिँदैन । तसर्थ निजामती सेवाको रिक्त पदमा बढुवाको माध्यमबाट पदपूर्ति गर्दा ऐनले तोकेको समयतालिकाभित्र बढुवासम्बन्धी कारवाही प्रारम्भ गर्नु भनी विपक्षीको नाममा यो निर्देशात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल साउन ३१ गते रोज ३ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६८ सालको ०६७-WO-१०२७, उत्प्रेषणयुक्त परमादेश, *जीवनप्रसाद वली वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६८ सालको ०६७-WO-१०२६, उत्प्रेषणयुक्त परमादेश, *एकमणि नेपाल वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६८ सालको ०६७-WO-१०२५, उत्प्रेषणयुक्त परमादेश, *दुर्गाप्रसाद पोखरेल वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

४

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६६-CI-०६०९, अंश नामसारी, *मलिराम गुरौ समेत वि. मु.स. गर्ने सोमन्तीदेवी गुरौ समेत*

सीताराम गुरौं र ओमनारायण गुरौंले यी पुनरावेदक प्रतिवादी मलिराम गुरौंउपर दायर गरेको २०५३ सालको दे.नं ११२० को अंश मुद्दामा वादी प्रतिवादी एकासगोलकै अंशियार ठहऱ्याएको अवस्थामा पैतृक सम्पत्ति र सोबाट बढे बढाएको समेतको सम्पत्तिमा आफूसमान हैसियतका अंशियार दाजुभाइलाई अलग गरी प्रतिवादीहरूले आपसमा अंश मुद्दा दायर गरी मिलापत्र गर्दैमा त्यस्तो मिलापत्रले यी वादीलाई अंश जस्तो नैसर्गिक हकबाट बञ्चित गराउँछ भनी मान्न मिल्ने देखिएन भन्दै वादीले सम्पूर्ण सम्पत्तिको चार भागको दुई भाग अंश पाउने ठहर भै नवलपरासी जिल्ला अदालतबाट मिति २०५६।११।९ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०५७।५।१८ मा र सर्वोच्च अदालतबाट मिति

२०६१।८।२३ मा निर्णय भएको फैसला अन्तिम रहेको अवस्था छ । अर्कोतर्फ मलिराम गुरौं र नारायण गुरौबीच चलेको अंश मुद्दामा अंश लिनुदिनु गरी नवलपरासी जिल्ला अदालतबाट मिति २०४३।३।२५ मा भएको मिलापत्रअनुसारका जग्गा समेत माथि उल्लिखित दे.नं. ११२० को अंश मुद्दाको तायदाती फाँटवारीमा परी ती जग्गाबाट समेत बण्डा छुट्टयाउने काम भैसकेको देखिन आएको छ ।

यस्तो अवस्थामा नवलपरासी जिल्ला अदालतबाट मिति २०४३।३।२५ मा भएको मिलापत्रको अस्तित्व अद्यापि कायमै छ भनी सम्झन मिल्ने देखिएन । वादीले प्रतिवादीबाट चार भागको एक भाग अंश पाउने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल मंसिर २८ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६-CI-०१७८, हालैको बकसपत्र लिखत दर्ता बदर, *सौकत अलि समेत वि. कमरून नेसा सेखिन*

मुलुकी ऐन, दानबकसको महलको ५ नं. ले साविक हकवालाको स्वामित्वबाट अर्को व्यक्तिमा स्वामित्व र भोगचलन सर्न गई अवस्थामा परिवर्तन भएको समयबाट हदम्याद लागू हुने कुराको परिकल्पना गरेको छ । प्रस्तुत विवादको जग्गाको स्वमित्व पनि एकासगोलका एउटा अंशियारबाट सगोलकै अर्को अंशियारमा सारिएकोसम्म देखिएको तर उक्त जग्गा वादी प्रतिवादी दुबै पक्षले संयुक्त रूपमा भोगचलन गरेको अवस्था छ । यसरी वादी दावीको जग्गा बकसपत्र लिखत पारीत हुँदाको अवस्थादेखि प्रस्तुत मुद्दा दायर हुँदाको अवस्थासम्म पनि एकासगोलका अंशियारहरूमा संयुक्त भोगचलनमा रही भोग चलनको अवस्थामा परिवर्तन भएको देखिएन । वादी प्रतिवादीकाबीच मिति २०६२।३।१५ मा अंश मुद्दा दायर भै करीव ३ महिनापछि मिति २०६२।७।३ मा बकसपत्र बदरको लागि मुद्दा दर्ता गरेको देखिन्छ । यस्तो अवस्थामा प्रस्तुत मुद्दाको फिरादपत्र हदम्याद नाघी दर्ता भएको भन्ने नमिल्ने ।

सगोलको सम्पत्ति सगोलका समान अंशियार यी वादीको मञ्जूरी बेगर अंशियारमध्येकै कान्छी श्रीमती पुनरावेदक कलिमुनलाई हालैको बकसपत्रको लिखतद्वारा दिएको देखिन्छ । पुनरावेदक प्रतिवादी सौकत अलिका दुई श्रीमतीमध्ये कान्छी कलिमन नेसालाई मात्र बकस गरिदिएको देखिँदा त्यस्तो लिखत अंशबण्डाको १९ नं. ले समेत कानूनबमोजिमको मान्न सकिँदैन । यसबाहेक प्रमाण ऐन, २०३१ को दफा ६क ले समेत सगोलमा रहेका अंशियारका नाममा रहेको सम्पत्ति सगोलकै मानिने हुन्छ । यसमा वादीको समेत अंशहकको सम्पत्ति पुनरावेदक प्रतिवादीहरूले बकसपत्रद्वारा लिनुदिनु गरेको देखिँदा त्यस्तो लिखत कायम रहन सक्ने कानूनी आधार नहुँदा उक्त पारीत लिखतहरू र सोबमोजिम दर्ता समेतमा प्रत्यर्थी वादीको अंशहक जति ३ भागको १ भाग बदर भै निजको नाममा दर्ता कायम हुने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल मंसिर २८ गते रोज ४ शुभम् ।

- यसै लगाउको पुनरावेदन नं. ०६६-CI-०१७७, अंश दर्ता, *कलिमुन नेसा समेत वि. कमरून नेसा* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको WO-०६४५, उत्प्रेषण, परमादेश समेत, *इन्दिरादेवी खतिवडा वि. माधवराज पन्त समेत*

बैंक तथा वित्तीय संस्थाको ऋण असूलीसम्बन्धी ऐनको दफा २६(१) ले ऋणीको निमित्त जमानत दिने व्यक्तिको दायित्व जमानत दिएको रकमको हदसम्म मात्र सीमित राखेको हुँदा उक्त ऐनको दफा १९ बमोजिम पुनरावेदन दर्ता गर्दा पनि जमानत दिएको रकमको तीस प्रतिशत ले हुने रकम मात्र धरौटी राख्न पाउनुपर्ने भन्ने निवेदन जिकीर छ सो तर्फ हेर्दा उल्लिखित ऐनको दफा २६(१) को कानूनी व्यवस्था जमानत दिने व्यक्तिको ऋण तिर्नुपर्ने दायित्वसँग सम्बन्धित दफा हो । जबकि दफा १९ र २२ पुनरावेदन गर्ने हक र सो गर्दा पालना गर्नुपर्ने कार्यविधिसँग सम्बन्धित छन् । उक्त ऐनको दफा २६(१) जमानत दिने व्यक्तिको ऋण तिर्नुपर्ने दायित्वलाई सीमित गर्ने उद्देश्यले बनेको कानूनी व्यवस्था हो । सो दफाको अभिप्राय जमानत दिने व्यक्तिले आफूले लिएको दायित्व

भन्दा बढी ऋण तिर्ने जिम्मेवारी लिनु नपरोस् भन्नेसम्म हो । तर पुनरावेदन गर्ने प्रयोजनको लागि ऋणीको हकमा जमानत दिने व्यक्तिको हैसियत ऋणी सरह नै हुने दफा १९ र २२ को मनसाय देखिन्छ । जुन कुरालाई उक्त ऐनको दफा २(६) ले ऋणीको हकमा जमानत दिने व्यक्तिलाई पनि ऋणी भनी गरेको परिभाषाले पुष्टि गरेको देखिन्छ । यस अवस्थामा ऋणीको हकमा जमानत दिने व्यक्तिले पनि पुनरावेदन गर्दा ऋण असूली न्यायाधिकरणले गरेको निर्णयबमोजिम वाणिज्य बैंकले भराई पाउने ठहर भएको रकमको तीस प्रतिशत रकम नै धरौटीबापत नगद जम्मा गर्नुपर्ने देखिन आउँछ । तसर्थ आफूले ऋणीको हकमा जमानत दिएको रकमको तीस प्रतिशतले हुने रकम मात्र धरौटी राखी ऋण असूली न्यायाधिकरणको फैसलाउपर पुनरावेदन दर्ता गर्न पाउनु पर्दछ भन्ने निवेदन जिकीर उल्लिखित दफा २२ को कानूनी व्यवस्था र त्यसले लिएको उद्देश्यअनुरूप नदेखिने ।

ऋण असूली न्यायाधिकरणको फैसलाबमोजिम विपक्षी राष्ट्रिय वाणिज्य बैंकले भरिपाउने ठहरेको बिगोको तीस प्रतिशत नगद धरौटी नराखेको भन्ने आधारमा निवेदकले दर्ता गर्न ल्याएको पुनरावेदन बैक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ को दफा २(६) १९ र २२ समेतमा भएको कानूनी व्यवस्थाअनुप दर्ता गर्न नमिल्ने भनी पुनरावेदन दरपीठ गरको ऋण असूली पुनरावेदन न्यायाधिकरणका निमित्त स्रेस्तेदारको मिति २०६६।८।१८ को आदेश सदर गर्ने गरेको सोही न्यायाधिकरणको मिति २०६६।९।१८ को आदेशमा कुनै कानूनी त्रुटि नदेखिने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल कात्तिक १६ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६४ सालको दे.पु.नं. ०९८५, नामसारी, *केशरप्रसाद कुर्मी वि. हेमशंकरप्रसाद कुर्मी*

विपक्षीमध्येका हेमशंकरप्रसाद कुर्मी स्व. निमियादेवी कुर्मिनीसँग सगोलमा रहे बसेको भन्ने प्रमाणित हुन नआएको अवस्था समानस्तरका छोराहरूले मृतक आमाको सम्पत्ति प्राप्त गर्ने कुरामा बराबर नगरी विभेदपूर्ण व्यवहार गर्नु न्यायसंगत् र अपुतालीको महलको २ नं. को कानूनी व्यवस्थाअनुकूल हुने नदेखिने ।

केशरप्रसाद कुर्मी र विपक्षी हेमशंकरको कानूनी हैसियत समान देखिएको अवस्थामा प्रस्तुत विवादको कि.नं. १४८ को जग्गा दुबै जनालाई बराबर हुने गरी नामसारी गरिदिनु पर्ने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल भदौ २० गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६६-CI-०३९५, अंश चलन, *चन्द्रभक्त भुजू समेत वि. सुनीता भुजू*

श्रीमान्, श्रीमती र छोराछोरीको सामूहिक र अन्योन्याश्रित सम्बन्धबाट आपसमा कर्तव्य र दायित्वको निर्धारण हुने भएबाट बाबुले आर्जन गरेको सम्पत्ति निजको निजी आर्जनको मानी छोरा, छोरी एवं श्रीमतीलाई सो सम्पत्तिबाट बण्डा पाउनबाट बञ्चित गर्नु हाम्रो सामाजिक परम्परा र पारिवारिक दायित्व तथा सद्भावनाविपरीत हुन जाने देखिन्छ । आफ्नै कार्य कारणबाट सिर्जित परिवारका सदस्यलाई आफूले निजी प्रयासबाट आर्जित सम्पत्तिबाट भागबण्डा पाउनबाट बञ्चित गर्नुपर्छ भन्नु मानवीय विवेक र न्यायपूर्ण तर्क हो भन्न नसकिने ।

अंशबण्डाको १० नं. बमोजिम बण्डा दिने दायित्व बाबु वा आमामा नै रहेको हुँदा समेत आफैंले बण्डा दिने दायित्व भएका ससुरा तथा बाजे नाताका यी चन्द्रभक्त भुजूले निजी आर्जन गरेको कि.नं. ३२ को जग्गा निजको छोरा एवं सन्देश भुजूको हक खाने यी वादीहरूलाई बण्डा नलाग्ने भन्ने जिकीर मनासिब नदेखिने ।

निवेदकले शुरू जिल्ला अदालत भक्तपुरमा मिति २०६२।७।२८ मा कागज गर्दा कि.नं. ८२ को जग्गाको दर्तावालामध्ये रामभक्त परलोक हुनु भएको, मिति थाहा भएन निजको हक खाने म बाहेक अरू कोही छैन भनी उल्लेख गरेको पाइन्छ । यसरी सो कि.नं. ८२ को आधा घरजग्गा आफ्नो भएको र आधा जग्गाको दर्तावाला निजका ठूलोबुबा रामभक्त परलोक भई निजको हक खाने आफू बाहेक अन्य नरहेको भनी

आफैँले अदालतसमक्ष कागज गरी व्यक्त गरिसकेको तथ्यलाई होइन भनी पुनरावेदन जिकीर लिन मिल्ने होइन, विवन्धन लाग्दछ। सो सम्पत्ति पुनरावेदक प्रतिवादी चन्द्रभक्तका नाममा स्वतः नामसारी हुने।

शुरू अदालतले बण्डा नलाग्ने ठहऱ्याएको चित्त नबुझेको हदसम्म विपक्षी वादीले पुनरावेदन अदालतमा पुनरावेदन गरी शुरू फैसला केही उल्टी भएर थपिन गएको अंशको दायित्वसम्मका हकमा यी प्रतिवादीहरूले यस अदालतमा पुनरावेदन गरेको मान्नुपर्ने हुन्छ। जिल्ला अदालतले विवाह खर्च पर नसार्ने गरी गरेको फैसला चित्त बुझाई बसेको अवस्थामा तत्सम्बन्धमा थप केही बोल्नुपर्ने नदेखिँदा शुरू फैसला केही उल्टी गरी कि.नं. ८२ र ३२ बाट समेत ५ भागको १ भाग अंश वादीहरूले पाउने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६६।१।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल भदौ २१ गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CR-०९७८, नक्कली प्रमाण पत्र भ्रष्टाचार, *नेपाल सरकार वि.राजेन्द्र थापा*

गोरखपुर विश्वविद्यालयबाट लेखी आएको कार्यालय आदेश पत्रसंख्या ५२३६५ दिनाङ्क ११-१२-२०१० को प्राप्त सक्कल पत्रमा पत्रसंख्या "४४१२२ दिनाङ्क ४-३-१० और पत्रसंख्या ४९१२० दिनाङ्क १७-९-१० के सन्दर्भमे अभ्यर्थी राजेन्द्र थापा इस विश्वविद्यालयके वर्ष १९९५ अनुक्रमाङ्क ३३६५१ परीक्षाफल द्वितीय श्रेणीमे परीक्षा केन्द्र बुद्ध विद्यापिठ महाविद्यालय नौगद सिद्धार्थ नगर से बि.ए.(B.A.) उत्तीर्ण है" भनी लेखी आएको पत्र संलग्न भई आएको देखियो। पत्रको सो व्यहोराबाट यी प्रत्यर्थी प्रतिवादीको उल्लिखित नं. ३३६५१ को विवादित शैक्षिक प्रमाणपत्र नक्कली भन्ने नदेखिई निजले सो विश्वविद्यालयबाट BA परीक्षा उत्तीर्ण गरेको भन्ने देखिन आएकाले प्रतिवादी राजेन्द्र थापाले अभियोग माग दावीबाट सफाई दिन पाइने।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल भदौ १३ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको CR-०९३३, राजद्रोह, *राजेश झा अहिराज वि. नेपाल सरकार*

लोकतान्त्रिक शासन व्यवस्थाको मेरुदण्ड तथा स्वतन्त्रताको जननी मानिने यो स्वतन्त्रतामा नै संविधानले प्रदान गरेका अन्य स्वतन्त्रताहरूको प्रचलन निर्भर रहने गरेको हुन्छ। तथापि यो असीमित र अनियन्त्रित स्वतन्त्रता भने होइन। अन्य लोकतान्त्रिक मुलुकमा जस्तै हाम्रो मुलुकमा पनि विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा छापाखाना र प्रकाशनसम्बन्धी हकलाई निश्चित सीमाभित्र आवद्ध गर्ने गरिएको र संविधान र कानूनले तोकेको सीमाभन्दा बाहिर गई गरिने त्यस्ता अभिव्यक्ति र प्रकाशनबाट समाज र राष्ट्रले व्यहोर्नु पर्ने क्षतिका आधारमा कानूनअनुरूप त्यस्तो अभिव्यक्ति र प्रकाशन दण्डनीय हुन सक्ने।

कुनै पनि फौजदारी मुद्दामा कसूर स्थापित हुन अपराध गर्ने व्यक्तिको आपराधिक मनसाय (Guilty Mind) र सो मनसायअनुरूप गरिएको कार्यको परिणाम (Result of Action) शंकारहित तवरबाट प्रमाणित गर्ने भार वादी पक्षमा रहने कुरालाई नेपालको न्यायप्रणालीले स्वीकार गरिआएकै विषय हो। अन्यथा आशंकाको आधारमा फौजदारी कसूरमा सजाय नगरिने मान्यतालाई यस अदालतले फौजदारी न्यायको आधारभूत मान्यताको रुपमा ग्रहण गरी आएको छ।

पुनरावेदक प्रतिवादी प्रकाशक र सम्पादक भई मिति २०६७।६।१ मा मधेशवाणी साप्ताहिक पत्रिकाको अन्तिम पृष्ठमा प्रकाशित जनतान्त्रिक तराई मुक्ति मोर्चा नामक भूमिगत संगठनको सैन्य भर्नासम्बन्धी सूचना प्रकाशन गर्दा यी पुनरावेदक प्रतिवादीले राज्यविरुद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ४.२ अनुरूपको अपराध गर्ने आपराधिक मनसाय (Guilty Mind) राखेको भन्ने स्थापित हुन नसकेको सो प्रकाशित सूचनाको आधारमा सो संगठनमा सैन्य भर्नाको लागि कसैले दरखास्त दिएको, सैन्य भर्ना भएको तथा त्यसबाट नेपालको शान्ति र व्यवस्था विरोधी कुनै परिणाममूलक कार्य (Result of Action) सम्पन्न भएको भन्ने तर्फको प्रमाण वादी पक्षले

शंकारहित तवरबाट पुऱ्याउन सकेको नदेखिएकोले केवल शंका र अनुमानको भरमा पुनरावेदक प्रतिवादीलाई कसूरदार ठहराउन नमिल्ने भएकोले निजलाई अभियोग दावीबाट सफाई दिने गरी फैसला गर्नुपर्नेमा सो नगरी निजले राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ को दफा ४.२ बमोजिमको कसूर गरेको ठहऱ्याई निजलाई रु.५००।- जरीवाना गर्ने गरेको शुरु विशेष अदालत, काठमाडौंको फैसला मिलेको नदेखिँदा सो उल्टी भई पुनरावेदक प्रतिवादी राजेश झा अहिराजले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृत : रामप्रसाद शर्मा
कम्प्युटर : विदुषी रायमाझी
प्रेमबहादुर थापा
इति संवत् २०६८ साल भदौ १३ गते रोज ३ शुभम्

११

**मा.न्या.श्री प्रेम शर्मा, मा.न्या.श्री कमलनारायण दास,** संवत् २०६४ सालको CI-०२६०, लेनदेन, *शम्भुप्रसाद गुप्ता रौनियार समेत वि. अशोककुमार गुप्ता रौनियार*

लिखत गरिदिने खोभारी साहुको मृत्यु भएको दिन मिति २०४७।५।२८ मा निजले प्रत्यर्थी वादीकी पत्नी रेणुकुमारी यादवलाई समेत सोही कि.नं. ५६ को जग्गा विक्री गरेको भनी गरिदिएको रु. एक लाखको लिखत अदालतसमक्ष पेश भएकोमा सो लिखत वास्तविक रुपमा तयार नभएको भनी स्वयं यी प्रत्यर्थी वादी अशोककुमार रौनियारले सनाखत बयान गरेको देखिन्छ । तर, त्यस्तो लेनदेन नै नभएको अवस्थामा पनि यसरी मृत्यु हुन लागेको व्यक्तिबाट कागज गराउनु पर्नाको युक्तिसंगत कारण निजले प्रस्तुत र व्यक्त गर्न सकेको नदेखिँदा प्रत्यर्थी वादीले दावी लिएको विवादित २०४७।५।१९ को लिखत समेत वास्तविक रुपमा तयार भएको भन्ने वादीको दावी पत्यारलायक देखिन नआउने ।

वादी दावीको लिखत भएको भनिएको मिति २०४७।५।१९ मा लिखत गरिदिने खोभारी साहु विरामी अवस्थामा रहेको भन्ने कुरामा वादी प्रतिवादीबीच विवाद नरहेको, सो मितिमा निज ८८ वर्षभन्दा बढीको अति बृद्ध भई असक्त अवस्थामा रहेको भन्ने देखिएको, लिखित हस्ताक्षर समेत गर्ने निज खोभारीको विवादित लिखतमा ल्याप्चे सहिछाप मात्र भएको, मिति २०४७।५।२८ मा नै मृत्यु भएको व्यक्तिलाई त्यसको ९ दिन अगाडि रु.२,५०,०००।- को ठूलो धनराशी के कस्तो प्रयोजनका लागि आवश्यक परेको हो वादी पक्षबाट त्यसको कारण खुलाउन सकेको नदेखिएको, यस्तो बृद्ध अवस्थाको व्यक्तिको लिखत गराउँदा संरक्षकको रोहवरमा गराउनु पर्नेमा सो गराउन सकेको नदेखिएको, विवादित लिखत जग्गा सुक्री बिक्रीसँग सम्बन्धित भई त्यस्तो लिखत मुलुकी ऐन रजिष्ट्रेशनका ८ र ९ नम्बरबमोजिम यथासमयमा नै सम्बन्धित मालपोत कार्यालयबाट रजिष्ट्रेशन पारीत गराउनु पर्नेमा सोतर्फ नलागी लिखत भएको झण्डै १० वर्षपछि लेनदेनमा नालेस गरेको समेतका आधार र कारणबाट वादी दावीको मिति २०४७।५।१९ को लिखतबमोजिम वास्तविक रुपमा लेनदेन भएको भन्ने वस्तुनिष्ठ प्रमाणबाट समर्थित हुन आएको नदेखिने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल कात्तिक १३ गते रोज १ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** ०६४-CI-००७४, हक कायम एवं धितो बदर रोक्का फुकुवा गरी दा.खा. नामसारी गरिपाऊँ, *सूर्यनारायण पाण्डे वि. सीताराम यादव समेत*

२०४८ सालको फौ.पु.नं. ४१६ को सर्वोच्च अदालत समेतबाट फैसला भई अन्तिम भएको जालसाजी मुद्दाबाट विवादित जग्गाको आधी जग्गाको लिखत जालसाजी ठहरी वादीको अंश हक कायम हुन आएको जानकारी हुँदाहुँदै प्रतिवादी सीताराम यादवले उक्त अंश हकमा परेको समेतको विवादित जग्गा पूरै प्र.मध्येका कृषि विकास बैंक मझगवा उपशाखामा धितो राखी २०५९।३।२० कर्जा लिएको देखिन्छ । उक्त दूषित कार्यबाट वादीको अंश हकमा आघात परेको देखिन आएकोले उक्त धितो राखी कर्जा लिएको कार्य कानूनविपरीतको भएको र प्र.मध्येका कृषि विकास बैंक उपशाखा मझगवाले आफ्नो कर्जा प्र. सीताराम यादवसँग असूल गर्नसक्ने कानूनी प्रावधान समेत

रहेको भएको छ । त्यसकारण श्री सर्वोच्च अदालतबाट २०५७।९।७ मा फैसला भएको उक्त जालसाजी मुद्दा हालसम्म यथावत् अवस्थामै रहेको समेतबाट सो बैंकमा धितो राखिएको उक्त सम्पत्ति समेत फुकुवा हुने र सो अंश हक जतिको जग्गा नरम गरम मिलाई वादीको कायम हुने र वादीले दा.खा. नामसारी समेत गराई पाउने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल माघ ३ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको ०६५-CI-०१५३, परमादेश, *केशवराम बर्मा वि. सहकारी वित्तीय संस्था लिमिटेड, नेपालगञ्ज नगरपालिका वडा नं. १७ सदर लाइन, बाँके समेत*

रोक्का गरिएको यी पुनरावेदकको जग्गा निजले आफ्नो तिर्नु बुझाउनु पर्ने हिसाब राफसाफ गरिसकेपछि फुकुवा गरिदिने भन्ने समेत प्रतिवद्धता विपक्षतर्फबाट रहेको देखिन्छ । यसको अतिरिक्त विपक्षी सहकारी वित्तीय संस्थाको लिखित जवाफ व्यहोरा तथा संलग्न कागजातहरूका आधारमा यी पुनरावेदकको उक्त संस्थाप्रतिको हरहिसाब दायित्व बाँकी रहेको भन्ने देखिएको अवस्थामा के कति हरहिसाब लिनुदिनु बाँकी हो सोको प्रमाण बुझी प्रस्तुत मुद्दाबाट इन्साफ गर्न नमिल्ने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल मंसिर २९ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको WO-०७६६, उत्प्रेषण मिश्रित परमादेश समेत, *रामहरि थापा वि जिल्ला प्रशासन कार्यालय, बबरमहल समेत*

जग्गाको विवादसम्बन्धी विषयलाई लिई विपक्षीहरूले आफूलाई मिति २०६६।१०।२० मा विभिन्न व्यहोराको कागज गराएको भन्ने निवेदकको भनाईप्रति जिल्ला प्रशासन कार्यालय, काठमाडौं र महानगरीय प्रहरी वृत्त, बौद्ध अनभिज्ञ देखिन्छ भने गा.वि.स. को कार्यालय कपनले लिखित जवाफ नफिराई म्यादै गुजारी बसेको अवस्था छ । यसरी प्रस्तुत निवेदनका विपक्षीहरूको स्वार्थ र सरोकार नै नदेखिएको जग्गाको विषयलाई लिएर रिट निवेदकलाई जवर्जस्ती गैरकानूनीपूर्वक कागज गराएको भन्ने निवेदन दावी पत्यारलायक देखिएन । निवेदन दावीअनुसारको कानूनअसम्मत् कागज गराएकै भए अदालती बन्दाबस्तको ३५ नं.अनुसार त्यस्तो कागजको कानूनी मान्यता स्वतः हुन नसक्ने हुँदा निवेदन दावी खारेज हुने ।

इजलास अधिकृतः कर्ण राई

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ साल कात्तिक १७ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको WO-०८९८, उत्प्रेषण समेत, *साई शिक्षा निकेतन हाईस्कूल, का.म.न.पा. वडा नं. ३३, राधेमार्ग, ज्ञानेश्वर काठमाडौं समेत वि. जिल्ला शिक्षा कार्यालय, बबरमहल काठमाडौं समेत*

विद्यालय सञ्चालन गर्न घर बहालमा लिएको करारको अवधि समाप्त भैसकेको अवस्थामा अधिकृत वारेसनामाद्वारा अख्तियारप्राप्त साविक जग्गाधनी उमा बस्नेतले दिएको निवेदनको आधारमा जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारीले उक्त घरजग्गा निवेदकले खाली गरी दिन विद्यालय सञ्चालिका प्रभा क्षेत्रीलाई जानकारी दिने गरी भएको निर्णय कानून एवं न्यायसम्मत् नै देखिँदा सो निर्णयले उक्त घरजग्गामा निरन्तररूपमा निवेदकले विद्यालय सञ्चालन गरिरहन पाउनुपर्ने भन्ने निवेदन दावी न्यायोचित नदेखिँदा निवेदकको मौलिक हकअधिकारमा आघात पुगेको भन्न सक्ने स्थिति नदेखिने ।

इजलास अधिकृतः कर्ण राई

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ साल कात्तिक १७ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको WO-०६८५, उत्प्रेषण समेत, *जुक्तिजङ्ग लामिछाने वि. महानगरीय प्रहरी प्रभाग, काठमाडौं समेत*

**मा.न्या.श्री गिरीश चन्द्र लालको रायः**

महानगरीय प्रहरी प्रभाग कमलपोखरीसमक्ष निवेदक एवं विपक्षीमध्येको मोहनप्रसाद खनालले मिति २०६४।५।१६ गते गरेको कागजको व्यहोरामा दुबै पक्षबाट भएको गल्तिलाई दुबै पक्षले महसूस गरी अबदेखि घरजग्गासँग सम्बन्धित समस्या सम्बन्धित न्यायालयमा गई टुङ्ग्याउने, झगडा सम्बन्धमा हामीहरू एक आपसमा नगर्ने यदि गरेमा यसै कागजलाई आधार मानी प्रचलित कानूनबमोजिम सहने बुझाउने छौं भनी उल्लेख भएको देखिन्छ। उक्त कागजबाट निवेदकको घरजग्गासम्बन्धी वा अरू कूनै विवाद सम्बन्धमा कानूनबमोजिमको उपचारमा बाधा पुऱ्याएको भन्ने कुरा नदेखिएको र सो कागज आपसमा मिलापत्र गर्ने गराउने उद्देश्यले भएको साथै रिट निवेदक एवं विपक्षीबीच काठमाडौं जिल्ला अदालतसमक्ष कारवाहीयुक्त रहेका मुद्दाहरूमा कानूनबमोजिम हुनेमा सो कागजमा घरजग्गा सम्बन्धी समस्या सम्बन्धित न्यायालयमा गई टुङ्ग्याउने कुराले कानूनी उपचार पाउनेसम्बन्धमा कुनै बाधा पुग्ने अवस्था नरहेको साथै उक्त कागजमा झगडा सम्बन्धमा हामीहरू एकआपसमा नगर्ने पछि गरेमा यसै कागजलाई आधार मानी प्रचलित कानूनबमोजिम सहने बुझाउने छौं भनी मात्र उल्लेख भएको समेतले निवेदकको कुनै कानूनी हकमा आघात पुगेको भन्न नमिल्ने हुँदा प्रस्तुत निवेदन खारेज हुने।

**मा.न्या.श्री भरतराज उप्रेतीको भिन्न निर्णयाधारः**

महानगरीय प्रहरी प्रभाग कमलपोखरी, पक्ष विपक्ष भएको घरजग्गासम्बन्धी विवाद मिलाउने कानूनी निकाय नभई जनताको जीऊ धनको सुरक्षा गरी समाजमा शान्ति कायम राख्ने निकाय हो भन्ने कुरामा विवाद छैन। यसरी विपक्षी महानगरीय प्रहरी प्रभाग कमलपोखरीलाई घरजग्गासम्बन्धी विवादमा मिलापत्र गर्ने गराउने क्षेत्राधिकार कुनै कानूनले दिएको नदेखिएको अवस्थामा यस्तो क्षेत्राधिकारविहीन निकायले गराएको भनिएको मिलापत्रको लिखतले कानूनी मान्यता प्राप्त गर्न सक्दैन। मुलुकी ऐन, अ.बं. ३५ मा गरिएको व्यवस्थाअनुसार यस्तो लिखतको कानूनी मान्यता शून्य हुने हुँदा यस्तो लिखत बदर गर्न परेन रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कर्ण राई

इति संवत् २०६८ साल कात्तिक १७ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६८-WH-००४२, बन्दीप्रत्यक्षीकरण, *मदनकुमार यादव वि. तारानाथ गौतम समेत*

कारागार कार्यालय, पर्साको मिति २०६८।७।३० को प.सं. ०६८/०६९ च.नं. १६५६ को थुनुवा छूट पुर्जीबाट पनि निज रिट निवेदक मदन यादव मिति २०६८।७।३० गते थुनाबाट छुटी गएको देखिएको हुँदा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ साल मंसिर २७ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CI-०५७७, मोही नामसारी प्रमाणपत्र, *विलाश ठाकुर हजाम वि. महेश्वरप्रसाद सिँह समेत*

वादीले जग्गाधनीलाई कुनै सालमा कुत बुझाएको प्रमाण पेश गर्न नसकेको र २०२१ सालदेखि २०६० सालसम्ममा धरौटी नराखी दावीसम्बन्धमा फिराद गरेको मिति २०६१।१२।१७ भन्दा अघि मात्र अर्थात् मिति २०६१।११।२७ मा मात्र धरौटी राखेको देखिनाले निजले उक्त जग्गा भूमिसम्बन्धी ऐन, लागू हुनुभन्दा अघिदेखि नै कमाइराखेको पत्यार मान्न नसकिने हुँदा दावीको जग्गाको मोही हक वादीका नाममा नामसारी नहुने, मोही प्रमाणपत्र नपाउने।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल माघ ६ गते रोज ६ शुभम्।

८

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको WO-१०९८, उत्प्रेषणयुक्त परमादेश, *देवानन्द चौधरी वि. गृहमन्त्री, गृह मन्त्रालय समेत*

निवेदकलाई भविष्यमा सरकारी सेवाको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने गरी विपक्षीहरूबाट भएका निर्णय र कामकारवाहीहरू मध्यमाञ्चल क्षेत्रीय प्रहरी विशेष अदालतको मिति २०६१।१।२ गतेको फैसला र सोलाई

सदर गरेको केन्द्रीय प्रहरी विशेष अदालतको मिति २०६३।३।१२ को फैसलामा आधारित भएको र सो फैसला यस अदालतबाट यिनै निवेदक र विपक्षी गृह मन्त्रालय समेत भएको रिट नं. ०६३-WO-०१२९ को उत्प्रेषण रिटमा मिति २०६६।८।९ मा जारी भएको रिट आदेशबाट बदर भैसकेकोले र निवेदकले आरोपबाट सफाइ पाइसकेकोले प्रहरी महानिरीक्षकबाट मिति २०६१।१।१५ मा निवेदकलाई नोकरीबाट बर्खास्त गर्ने भनी गरेको निर्णय र सोलाई सदर गरी गृहमन्त्री, गृह मन्त्रालयबाट मिति २०६६।११।९ मा भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल मंसिर १२ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको २०६६ सालको WO-०९५१, उत्प्रेषणयुक्त परमादेश, *मणिराम लामिछाने वि. गृहमन्त्री, गृह मन्त्रालय समेत* यसैअनुसार आदेश भएको छ ।

९

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६४ सालको फौ.पु.नं. ०६४-CR-००८४, ०२०९, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. कृष्णदेव बनरैत यादव समेत, विष्णुदेव बनरैत यादव वि. नेपाल सरकार*

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ अनुसार कुनै प्रतिवादीको सम्बन्धमा एउटै वारदातको विषय ज्यानमार्ने उद्योगको वारदात नठहर्ने र अरु प्रतिवादीहरूको सम्बन्धमा ज्यान मार्ने उद्योगकै वारदात ठहर्ने अवस्था नहुँदा अ.वं.१९० नं. बमोजिम मुलतवीमा राखेका फरार रहेका प्रतिवादीहरू विष्णुदेव बनरैत यादव र सीयाराम यादवका हकमा अ.वं. १९० नं.अनुसार मुलतवी राख्नु पर्ने अवस्था समेत नदेखिने ।

ऐ. दफा २७ अनुसार यस ऐनबमोजिम नेपाल सरकार वादी भई दायर भएको कुनै मुद्दा अनुसूची १ वा २ भित्र नपर्ने भन्ने देखिएमा अदालतले आदेश दिई सरोकारवाला व्यक्तिलाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी यसै मुद्दाको मिसिलबाट प्रचलित कानूनबमोजिम कारवाही किनारा हुन सक्ने हुँदा कुटपीटमा परिणत गर्ने गरी भएको सो हदसम्म पुनरावेदन अदालतको फैसला मिलेकै देखिनाले सदर हुने ठहर्छ । फरार रहेका प्रतिवादी विष्णुदेव बनरैत यादव एवम् कारी भन्ने सीयाराम यादवको हकमा मुलतवी रहने भनी ठहर गरेको सम्बन्धमा प्रस्तुत मुद्दाको वारदात नै ज्यान मार्ने उद्योगको नठहर्ने अवस्थामा अ.वं.१९० नं.अनुसार मुलतवी राखी राख्नुपर्ने अवस्था समेत विद्यमान नरहँदा मुलतवी समेत राखी राख्नु पर्ने नभै सो हदसम्म पुनरावेदन अदालतको फैसला केही उल्टी भै शुरु जिल्ला अदालतबाट भएको फैसला सदर हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल मंसिर १३ गते रोज ३ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-WO-०२००, उत्प्रेषण, *सीताराम अग्रवाल वि. वाणिज्य तथा आपूर्ति मन्त्रालय समेत*

रिट निवेदकले सुन आयातमा लगाएको प्रतिवन्ध सार्वजनिक सरोकारको विषय भनी लिएको जिकीर निवेदकले सुन आयात नहुँदा सर्वसाधारण जनताको दैनिक जीवनयापनमा के कस्तो असर पर्दछ भनी खुलाउन नसक्नुका साथै सुन आयातमा नियन्त्रण गरेको विषयवस्तुसँग निवेदकको सार्थक र अर्थपूर्ण (Meaningful Relation) सरोकार रहे भएको भन्ने समेत देखाउन सकेको अवस्था छैन । त्यसका अलावा निवेदकको के कस्तो हकमा प्रतिकूल असर विवादित विषयबाट पर्न गएको भन्ने पनि पुष्टि गर्न नसकेबाट प्रस्तुत विवादलाई सार्वजनिक सरोकारको विवाद भन्न नमिल्ने ।

सुन अत्यावश्यक वस्तु नभई विलासिताको वस्तु भएकोले त्यस्तो विलासिताको वस्तुको आयात निर्यातमा सरकारले नियन्त्रण नगर्ने हो भने देशको अर्थतन्त्रमा नकारात्मक असर समेत पर्न जान्छ । वस्तुगत रुपमा सुनको पैठारीका कारण देशको अर्थतन्त्रमा नकारात्मक असर पर्न गई विदेशी मुद्रा

सञ्चितिमा ह्रास आएको कारण ह्रास भएको विदेशी मुद्रा सञ्चय गर्ने र सो समस्याबाट मुलुकलाई पार लगाउनका लागि तत्काल सुनको आयातमा नियन्त्रण गर्ने अधिकार नेपाल सरकारलाई निकासी पैठारी नियन्त्रण ऐन, २०१३ अनुसार प्रदान भएको देखिन्छ। त्यही अधिकार प्रयोग गरी सुनको आयातमा वन्देज लगाउने गरी नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट मिति २०६७।५।१८ मा भएको आदेशलाई कानूनबमोजिमकै आदेश मान्नुपर्ने भई कानूनी तवरबाट जारी भएको आदेशलाई अन्यथा भन्न र मान्न नमिल्ने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल कात्तिक १७ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-CI-११६५, लिखत बदर, दर्ता बदर, दर्ता कायम, मंगल यादव *वि.गुलावदेवी यादव समेत*

घरको मुख्य व्यक्तिले घर व्यवहार चलाउने प्रयोजनका लागि आधासम्म अचल सम्पत्ति बिक्री गर्नुपर्दा अन्य अंशियारहरूको मञ्जूरी लिईरहनुपर्ने देखिँदैन । घर व्यवहार चलाउनकै लागि आधाभन्दा बढी सम्पत्ति बेच बिखन गर्नु परेको अवस्थामा भने २१ वर्ष उमेर पुगेका स्वास्नी, छोरा, विधवा बुहारी, अविवाहित छोरी समेतको मञ्जूरी लिनुपर्ने भन्ने देखिन्छ । यसरी घर व्यवहार चलाउन घरको मुख्य व्यक्तिलाई सो प्रयोजनको लागि आधासम्म अचल सम्पत्ति बिक्री गर्न पाउने गरी कानूनले विशेषाधिकार दिएको देखिने हुँदा प्रतिवादीहरूका बीच जग्गा लिने दिने गरी भएको र.नं. १७०(ख) को लिखत कानूनविपरीतको नदेखिएकोले दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल फागुन ३० गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-WH-००५५, बन्दीप्रत्यक्षीकरण, *राकेशकुमार साह वि. चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, चितवन समेत*

चितवन राष्ट्रिय निकुञ्ज कार्यालय एक अर्धन्यायिक निकाय रहेको भएपनि यसले आफ्नो क्षेत्राधिकारभित्रको मुद्दामा कारवाही र निर्णय गर्दा न्यायिक मनको प्रयोग गरी न्यायका मान्य सिद्धान्तहरूको समेत अवलम्बन गर्न वाध्य हुन्छ । यसले न्यायका मान्य सिद्धान्तभन्दा बाहिर गैरन्यायिक कार्यविधि पूरा नै नगरी निर्णय गर्नसक्ने पनि हुँदैन । निकुञ्जका प्रमुख संरक्षण अधिकृत अनुपस्थित रहे वा विदामा बसेको समयमा पनि मुद्दा निर्णय गर्नुपर्ने सम्मको चरणमा पुऱ्याउन कार्यविधिगत कामकारवाही पूरा गर्न गरेको कामकारवाही स्थगित वा अवरुद्ध हुँदा मुद्दामा विलम्ब हुन जानेहुँदा त्यस्तो अवस्थामा मुद्दाको कारवाही नै स्थगन गर्नु न्यायिक र सान्दर्भिक नहुने ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ (क) र १९ (१) को कसूर अपराधको अभियोग लागेका निवेदकलाई मुद्दा हेर्ने अधिकारीले लगाइएको अभियोगबमोजिमको कसूर अपराध स्वीकार गरेको अवस्थामा मुद्दामा निर्णय गर्दाका अवस्थामा ठहरेबमोजिम हुनेगरी हाललाई तत्काल प्राप्त प्रमाणको आधारमा थुनामा नै राखी मुद्दा पुर्पक्ष गर्ने भनी निमित्त प्रमुख संरक्षण अधिकृतले गरेको मिति २०६७।९।८ का आदेशलाई प्रमुख संरक्षण अधिकृतबाट समर्थन भएको अवस्थामा निवेदकको वैयक्तिक स्वतन्त्रताको गैरकानूनी रुपमा हनन् भएको नभई कानूनबमोजिम नै सुनुवाई गरी मुद्दाको कारवाहीको क्रममा पुर्पक्षको निमित्त कानूनबमोजिम नै थुनामा राखिएको मिसिल संलग्न कागज प्रमाणबाट देखिँदा निवेदन मागबमेजिम वन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था नहुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल चैत २४ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-WO-०२९३, उत्प्रेषण समेत, *किरण गिरी वि. प्रमुख मालपोत अधिकृत, मालपोत कार्यालय, डिल्लीबजार समेत*

निवेदकका दाताको साविक स्रोत नै नभएको शून्यमा रहेको सर्भे नापीबाट खोला जनिएको सरकारी

जग्गालाई बिना आधार प्रमाण गलत र बद्नियतपूर्ण ढंगले निजी जग्गा भन्ने देखाई कायम गरेको झुट्टो स्रेस्ता स्वतः बदर हुने भन्ने प्रष्ट कानूनी व्यवस्था भएको हुँदा जानीजानी बद्नियतपूर्ण ढंगले हक नभएको जग्गा आफ्ना नाममा कुनै साविक दर्ता वा हक हस्तान्तरण हुने जस्ता निर्णयबेगर दर्ता गराउने र पूर्जा लिने मण्डप विजनेस होम्स (प्रा.लि.) को नामको स्रेस्ता बदर गर्ने गरी भएको निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

जालसाजपूर्वक जानीजानी सरकारी नदीको जग्गालाई निजी जग्गाको रूपमा दर्ता गराएको अवस्था हुँदा निवेदकको हकदैया (Locus Standi) को अभावमा मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल साउन १९ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-WO-१००३, उत्प्रेषणयुक्त परमादेश, *टंकप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपाली सेना सरकारको एउटा अंगको रूपमा रहेको हुँदा सरकारलाई सेनामार्फत् विकास निर्माणका कार्य गराउने अख्तियारी हुँदैन भन्न मिल्दैन । निजी क्षेत्रबाट काम गराउने वा सरकार आफैंले निर्माण कार्य गर्ने भन्ने सरकारको नीतिगत विषय भएको हुँदा सरकारद्वारा गरिने सम्पूर्ण निर्माण कार्यमा निर्माण व्यवसायीलाई सार्वजनिक खरीद प्रक्रियामा सहभागी हुने अवसर सुनिश्चित हुनुपर्ने निवेदकको भनाई तर्कसंगत नदेखिने ।

कस्तो आयोजना छनौट गर्ने र कसरी सो आयोजना सम्पन्न गर्ने भन्ने विषय सरकार स्वयंले निर्णय गर्ने निजी प्रशासकीय विषय भएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था रहे भएको नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल साउन १९ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६७-WO-००७२, बन्दीप्रत्यक्षीकरण, *गोफ्ली गुरुङ वि. सगरमाथा निकुञ्ज कार्यालय, सोलुखुम्बु समेत*

रिट निवेदकको नाम मिसिल संलग्न नागरिकताको प्रमाणपत्र, राहदानी, आन्तरिक राजश्व विभाग अन्तशुल्कको प्रमाणपत्र, पर्यटन उद्योग महाशाखाको प्रमाणपत्र, जग्गाधनी दर्ता प्रमाणपूर्जालगायतका उपलब्ध भएसम्मका सम्पूर्ण कागजातका प्रतिलिपिहरूबाट गोफ्ली गुरुङ भन्ने रहेको देखिन्छ । निज प्रतिवादी बनाइएको गोफ्ले गुरुङ मनाङ्गीको ठेगाना का.म.न.पा. बालाजु १६ भन्नेसम्म उल्लेख भएको देखिन्छ । काठमाडौं जिल्ला अदालत तहसिल शाखाको कैद ठेकिएको पत्रबाट गोकुले गुरुङ भन्ने गोफ्ले गुरुङ मनाङ्गी भन्ने उल्लेख भएको देखिन्छ । गोकुले भन्ने उपनाम कहाँबाट थप खुल्न आयो त्यो पनि कतैबाट खुल्न आएको देखिँदैन । निज प्रतिवादी गोफ्ले गुरुङको नाममा गोकुले, मनाङ्गीलगायतका विभिन्न उपनाम तथा विश्लेषण रहे पनि यी रिट निवेदक गोफ्ली गुरुङ र प्रतिवादी बनाइएको गोफ्ले गुरुङ मनाङ्गीका तीन पुस्ते कहींकतैबाट खुल्न र आपसमा मिल्न भिड्न नआएसम्मको अवस्थामा यी दुई व्यक्ति एकै हुन् भन्नेमा शंका कायम रहनजाने हुन्छ । जहाँसम्म शंकाको गुञ्जायस रहन जान्छ त्यस्तो अवस्थामा निज प्रतिवादी बनाइएका गोफ्ले गुरुङ मनाङ्गी नै यी रिट निवेदक गोफ्ली गुरुङ भनी यकीन मान्न सकिने अवस्था रहँदैन । जसले गर्दा शंकाको सुविधा अभियुक्तले पाउँदछ । "Benefit of Doubt goes to the Accused" भन्ने न्यायको सर्वमान्य सिद्धान्त प्रस्तुत मुद्दाको सन्दर्भमा पनि आकृष्ट हुन जान्छ । यसरी शंकाको भरमा मात्र फैसलाबमोजिमको सजाय कार्यान्वयन गर्दा, संविधानप्रदत्त व्यक्तिको वैयक्तिक स्वतन्त्रताको समेत अपरहण हुन जाने ।

फिराद दायर हुँदा नै गोफ्ले मनाङ्गी भनी प्रतिवादी कायम गरेकोमा निज प्रतिवादी उमेर तीन पुस्ते र घर बासको ठेगाना उल्लेख नगरी बालाजु पेट्रोलपम्प भन्नेसम्म उल्लेख भएकोमा निवेदकको नाम, नागरिकता तथा पूर्जालगायत सम्पूर्ण कागजातहरूमा गोफ्ली गुरुङ भई निजको ठेगानामा काठमाडौं

पकनाजोल १६ उल्लेख भएको देखिन्छ । यसरी यकीन नभएको ठेगाना र विवादास्पद नामको आधारमा मुद्दा चलाई उनाउ व्यक्तिलाई पक्राउ गरी कारवाही गरेको देखिँदा, शुरूमा मुद्दा चल्दाको प्रतिवादी यिनै व्यक्ति हुन् भन्ने यकीन नभएको अवस्थामा जोसुकैलाई पनि जुनसुकै अवस्थामा पक्राउ गरी थुनामा राख्नु संविधान र कानूनविपरीत हुने हुँदा निवेदन माग दावीबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल जेठ १ गते रोज १ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-०२४०, निषेधाज्ञायुक्त परमादेश, *रासविहारी प्रसाद यादव वि. दीपेन्द्रकुमार यादव समेत*

जुन पदाधिकारीले नियुक्ति दिएको हो, सोही पदाधिकारीले मात्र कानूनको रीत पुऱ्याई पदमुक्त गर्न सक्ने सैद्धान्तिक मान्यताविपरीत गा.वि.स.सचिवले दिएको नियुक्ति गाउँ परिषद्‌बाट बदर गरी निवेदकहरूलाई आ-आफ्नो पदबाट हटाइको कार्यलाई कानूनअनुरुप मान्न नसकिने भएकाले विपक्षीहरूका नाममा निषेधाज्ञा मिश्रित परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल माघ १२ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-WO-००८३, उत्प्रेषण समेत, *रमेशबहादुर कार्की समेत वि. लोकसेवा आयोग समेत*

संवैधानिक तथा कानूनी हक प्रचलन गराई माग्न सबैलाई अदालतको ढोका खुल्ला रहन्छ तर त्यो यथासमयमा भएको हुनुपर्दछ । यी रिट निवेदकहरूले मिति २०६४।१२।७ र मिति २०६४।१२।१४ को बढुवा समितिको निर्णयउपर प्रस्तुत रिट निवेदन मिति २०६८।४।१७ मा दायर गरेको देखिन्छ । तर, आफ्नो हक हनन् भएको भए उसैबखत हक प्रचलन गराई माग्न अदालत आउनु पर्नेमा तीन वर्षभन्दा बढी समयसम्म चूप लागी अहिले आएर दायर भएको प्रस्तुत रिट निवेदन अनुचित विलम्ब गरी दायर भएको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल पुस १९ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-WO-०८२२, परमादेश, *कपिलेश्वर साह वि. चन्द्रकुमारदास*

पदपूर्ति समितिले सिफारिश गरेपनि गा.वि.स.बैठकले नियुक्ति नदिने निर्णय गरेकोले नियुक्ति नदिएको हो भनी गा.वि.स.सचिवले लिखित जवाफ दिएको पाइन्छ । एउटै पदपूर्ति समितिले गरेको सिफारिशअनुसार अन्य दुई व्यक्तिहरूलाई प्राविधिक सहायक पदमा र पियन पदमा नियुक्ति दिनेगरी गा.वि.स.सचिवकै अध्यक्षतामा बसेको गा.वि.स.को बैठकले निर्णय गरेको एकातिर देखिन्छ भने अर्कोतिर चन्द्रकुमार दासलाई नियुक्ति दिन नमिल्ने भनी निर्णय गरेको स्थितिमा पदपूर्ति समितिले लिएको परीक्षा उत्तीर्ण गरी सकेपछि गा.वि.स.सचिवले नियुक्ति दिई कामकाज गराउनु पर्नेमा सो गरेको नपाईएबाट विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल माघ १२ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.डा.श्री भरतबहादुर कार्की,** २०६६-CR-०६८७, ज्यान मार्ने उद्योग, *जीतेन्द्र त्रिपाठी वि.नेपाल सरकार*

मनसाय अपराधको महत्वपूर्ण कडी हो । मनसायकै आधारमा अपराध निर्क्योल हुन्छ । ज्यानसम्बन्धी महलको १५ नं. ले पनि कसैको ज्यान मार्ने मनसायले गरिने उद्योगलाई अपराध घोषित गर्दै त्यस्तो अपराध गर्नेलाई सजायको व्यवस्था गरेको छ । ज्यानमार्ने उद्योगको अपराधका लागि पनि ज्यानमार्ने सरहकै सबै तत्व विद्यमान देखिनु पर्दछ । केवल तेस्रो

पक्षको हस्तक्षेपलगायतका कुनै कारणले ज्यान भने मर्न नपाएको अवस्थामा सो अपराध उद्योग मात्र हुने हो। मनसायको निर्धारण कार्यको प्रकृतिका आधारबाटै हुने।

आत्महत्या गर्ने उद्देश्यले नै योजना बनाई मासु र विषादि सेवन गरिएको कुरा आत्महत्या गर्ने तैयारीका रुपमा रहेको कुरा घटनास्थलबाट वरामद आत्महत्या घोषणा (Suicidal Note) ले पुष्टि गरिरहेको छ। विषादि सेवन अप्रभावकारी भएपछि चक्कु (छुरी) प्रहार भई दुवै जना गम्भीर अवस्थामा घाइते भएको कुरा सफाइ पाएका प्रतिवादी जीवन त्रिपाठीको अदालत समेतमा व्यक्त भएको कथनबाट पुष्टि हुन्छ। जीवन त्रिपाठीलाई लागेको घाउचोटलाई मुख्य रूपमा आधार मानेर प्रतिवादीमध्येका यी पुनरावेदकलाई ज्यान मार्ने उद्योग ठहर भएको छ। तर, सोही प्रकृतिको घाउ पुनरावेदक जीतेन्द्र त्रिपाठीलाई पनि सोही बेला लागेको छ भन्ने कुरालाई निर्णय गर्दा जानकारीमा लिइएको पाइन्न। अरूलाई मार्ने मात्र मनसाय राख्ने व्यक्तिले आफूलाई पनि सोही स्थानमा सोही रुपमा मार्ने प्रयास गर्दैन। अपराध गर्नेले सो उद्देश्य पूरा पनि होस् र आफू कानूनका आँखा छल्न सफल पनि हुन सकियोस् भन्ने सोचाइ राख्दछ भन्ने अपराध मनोविज्ञानको सामान्य सिद्धान्त हो भन्ने कुरा बिर्सेर न्याय गर्न नसकिने।

आत्महत्या वा आत्महत्याको प्रयासका सम्बन्धमा आत्महत्या घोषणापत्रको विशेष प्रमाणिक महत्व हुन्छ। आत्महत्या घोषणा पत्रलाई प्रमाणमा लिनु पूर्व सो उद्घोषकर्ताले नै लेखेको, निजले आफूखुशी लेखेको र त्यसमा कसैको कुनै षडयन्त्र नभएको कुरा भने यकीन हुनु पर्दछ। यो पत्र कृत्रिम हो भन्न सकिने अवस्था छैन। यो घाइतेहरूको कोठाभित्र सिरानीमुनिबाट बरामद भएको छ। यो पत्र जीवन त्रिपाठीको ज्यान लिई आत्महत्याको रुपमा भ्रम सिर्जना गर्ने उद्देश्यले पुनरावेदक प्रतिवादी जीतेन्द्र त्रिपाठीबाट षडयन्त्रपूर्वक तयार भएको मान्न सकिने अवस्था पनि छैन। कारण एउटा प्रतिवादीले अर्को प्रतिवादीको ज्यान लिनुपर्ने कुनै कारण छैन। यति मात्र नभई पत्रमा एकजना प्रवेशिकामा दुईपटक अनुत्तीर्ण भएको र अर्को प्रतिवादीको श्रीमतीसँग पारिवारिक समस्या रहेको तथ्य बनावटी हो भन्ने कतैबाट देखिँदैन। पत्रको व्यहोराले नै यो स्वाभाविक र सहज देखा पर्दछ। पत्रमा अपराध छल्न षडयन्त्र भएको शंका गर्ने ठाउँ नहुनु, मर्नुपर्ने नैराश्यता प्रकट हुनु, नैराश्यका घोषणापत्रमा दर्शाइएका कारण झूठा हुन् भन्ने नदेखिनु, सम्बन्धित व्यक्तिले नै सो घोषणापत्र लेखेकोमा विवाद नहुनु र सम्बन्धित व्यक्तिले स्वेच्छाले लेखेको होइन कि भन्ने शंका गर्नुपर्ने ठाउँ नभएमा त्यो पत्रलाई आत्महत्या घोषणाका रूपमा ग्रहण गर्नुपर्ने हुन्छ। यी सबै कसीको विद्यमानताले प्रस्तुत मुद्दामा अन्तिम पत्र भनिएको लिखतले आत्महत्या घोषणा (Suicidal Note) को रूपमा हुनुपर्ने सबै प्रकृतिलाई समेटेको छ। आत्महत्या सफल नहुनु अर्को कुरा हो, तर यो पत्रको प्रमाणिक महत्वलाई स्वीकार नगर्नु प्रमाणको मूल्याङ्कनमा देखिएको गम्भीर कमजोरी हुने।

सामूहिक आत्महत्याको प्रयास भन्ने प्रमाणित हुने अवस्थालाई ज्यानसम्बन्धी महलको १५ नं. को कसूर भनी पुनरावेदकलाई सजाय गर्न न्यायोचित नहुने।

सहअभियुक्तको कथन अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नभएसम्म कुनै पनि मूल्यको प्रमाण हुन सक्दैन। अनुसन्धान अधिकारी तथा अदालतसमक्ष जीवन त्रिपाठीका कथनमा देखिएको आधारभूत अन्तर नै ती सत्य भन्दा आवेग र वनावटीपनको प्रतीक देखा परेका छन्। अनुसन्धान अधिकारी र अदालतसमक्ष भएको निज जीवन त्रिपाठीको कथनमा देखा परेका अन्तरविरोधले ती दुवैलाई अविश्वसनीय बनाएको छ। पुनरावेदक जीतेन्द्र त्रिपाठी अदालतमा समेत सामूहिक आत्महत्याको प्रयासमा सावित रहेको पाइन्छ। घटनाका पछाडि रहेका कारणले नै अपराधको प्रकृति निर्धारण गर्दछ। मिसिल संलग्न आत्महत्या घोषणापत्र र दुवै प्रतिवादीका शरीरमा रहेका घाउ चोटको प्रकृति र अनुसन्धानकर्ताले जीतेन्द्र र जीवन दुवैलाई समान रुपमा कसूरदार रहेको मानी अभियोग पत्र दायर गरिरहेको अवस्था समेतमा विचार गर्दा पुनरावेदक जीतेन्द्र त्रिपाठीले ज्यानसम्बन्धी महलको १५ नं. को कसूर गरेको ठहर गर्न न्यायसंगत नदेखिँदा प्रतिवादी जीतेन्द्र त्रिपाठीको हकमा अभियोग दावीबाट सफाइ पाउने।

इजलास अधिकृतः विष्णु अवस्थी

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ साल भदौ १२ गते रोज २ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६४-WO-०७९६, उत्प्रेषणयुक्त परमादेश, *सोतीलाल चौधरी वि. गुणराज सुवेदी समेत*

मोही नामसारी मुद्दामा पुनरावेदनको म्याद दिएको र पुनरावेदन परेको तथा निवेदकका बाबु नै दावीको जग्गाको मोही हुन् होइनन् भन्ने विवादको सम्बन्धमा प्रमाणको मूल्याङ्कन भई पुनरावेदन अदालतमा विचाराधीन मुद्दाबाट नै निर्णय हुने अवस्था विद्यमान रहेकै अवस्थामा निवेदकको नाममा मोही नामसारी हुने नहुने सम्बन्धमा अन्तिम टुङ्गो नलाग्दै मोही बाँडफाँडसम्बन्धी निवेदन सो मुद्दालाई आधार मानी तामेलीमा राखेको अवस्था देखिँदा न्यायिक रोहबाट मोहीको विवाद अन्तिम भै नसकेको स्थितिमा रिट निवेदकले दिएको मोही बाँडफाँडसम्बन्धी निवेदन तामेलीमा राख्ने भूमिसुधार कार्यालय, सुनसरीको मिति २०६४।१।१० को निर्णय कानूनसम्मत्को देखिन नआउने ।

निवेदकले मोही नामसारीका लागि दिएको मुद्दा पुनरावेदन अदालत, बिराटनगरमा विचाराधीन रही अन्तिम निर्णय भै नसकेको अवस्थामा सोलाई आधार मानी मोही बाँडफाँडसम्बन्धी निवेदन तामेलीमा राख्ने गरेको भूमिसुधार कार्यालय सुनसरीको मिति २०६४।१।१७ को निर्णय कानूनविपरीत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । पुनरावेदन अदालत, विराटनगरमा विचाराधीन मोही नामसारी मुद्दामा अन्तिम निर्णय भएपश्चात् जो जे हुने हो कानूनबमोजिम गर्नु भनी भूमिसुधार कार्यालय, सुनसरीको नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल असोज २९ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-WO-०३२३, (F.N. १११/११२) उत्प्रेषण, *निरोज पाण्डे वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

रिट निवेदक नियुक्ति भएको नेपाल इन्जिीनियरिङ्ग परिषद्को रजिष्ट्रारको पद नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ को दफा २७ ले सिर्जना गरेको पद हो भन्ने कुरा निर्विवाद भएको र उक्त दफा २७ मा रजिष्ट्रारको पदावधि किटान नभएको र रजिष्ट्रारको पद निर्वाचित वा मनोनीत पद नभई नेपाल सरकारको नियुक्तिबाट सिर्जना भएको पद भएको हुँदा रजिष्ट्रारको पदावधिको सम्बन्धमा उक्त नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ को व्यवस्था आकर्षित नहुने र निजको नियुक्तिपत्रमा उक्त ऐनको दफा २७ अनुसार नियुक्त गरिएको भन्ने कुरा उल्लेख हुनुको साथै नियुक्तिपत्रमा समेत कुनै पदावधि किटान भएको देखिँदा रिट खारेज हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल मंसिर २५ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५ सालको रिट नं ०८६०, उत्प्रेषण, *श्रवणकुमार चाचान वि. उद्योग विभाग समेत*

भन्सार महसूल फिर्ता पाउने सुविधा निरुपेक्ष रुपम कुनै उद्योगको नाममा निर्यात भएको वस्तुमा दिईएको सुविधा नभई निर्यातकर्ता उद्योग आफैले उत्पादन गरेका वस्तु निर्यात गरेको अवस्थामा यस्तो वस्तु उत्पादन गर्दा प्रयोग हुने कच्चा पदार्थ वा प्याकिङ्ग म्याटेरियल आयात गर्दा भुक्तानी गरेको भन्सार महसूललगायत अन्य शुल्कहरूको रकम फिर्ता पाउने अधिकार त्यस्ता उद्योगहरूलाई मात्र प्रत्याभूति गरेको देखिने ।

निर्यात गरेका वस्तुमा प्रयोग भएका वस्तुको कच्चा पदार्थ तथा प्याकिङ्ग म्याटेरियलमा तिरेको भन्सार महसूल फिर्ता लिन चाहने उद्योगले निर्यात गरेका वस्तु उत्पादन गर्ने क्षमता आफूमा छ भन्ने कुरा पनि शंकारहित ढंगले प्रमाणित गर्न सक्नुपर्ने ।

औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५(प) अनुसार भन्सार महसूल लगायतका शुल्क फिर्ता पाउने अधिकार स्वतः प्राप्त हुने नभई यसका लागि उद्योग विभागमा रहेको अभिलेख र तथ्याङ्कको आधारमा उद्योग विभागको स्वीकृति आवश्यक पर्ने

देखियो । यस्तो निर्णय गर्दा उद्योग विभागले आफूसँग रहेको उद्योगको वार्षिक क्षमता लगायतका तथ्याङ्क तथा तथ्यलाई नै हेरी सोही आधारमा कच्चा पदार्थमा तिरेको भन्सार शुल्कलगायतको रकम फिर्ता पाउने वा नपाउने भए कति पाउने भन्ने निर्णय गर्नुपर्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल पुस ८ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या. श्री कमलनारायण दास,** ०६६-WO-०१४९, उत्प्रेषणयुक्त परमादेश, *अइन्द्रकुमार भन्ने आएन्द्रकुमार लिम्बू वि. चुलाचुली क्षेत्रको अव्यवस्थित बसोबास समस्या र समाधान समिति, २०६४ झापा समेत*

निवेदकले दावीको जग्गाको सट्टामा जग्गा पाएको देखिएको, इलाम जिल्ला चुलाचुली क्षेत्रको अव्यवस्थित बसोबास समस्या समाधान समितिबाट मिति २०६५।२।९ मा प्रकाशित सूचनाअनुसार दावी विरोध गरेको भए यी निवेदकको समस्या सम्बोधन हुन सक्नेमा दावी विरोध नगरेको, समितिको मिति २०६५।३।२३ को निर्णयबाट निवेदकको जग्गा विपक्षीहरूलाई वितरण गर्ने भन्ने नभै सट्टा भर्नाबापतमा जग्गा पाइसकेको व्यहोरा जनाउन लेखी पठाउने भन्नेसम्म निर्णय भएको देखिई दावीको जग्गा वितरण गर्ने भन्ने निर्णय भएको नदेखिएको एवं सट्टा भर्नामा पाएको जग्गा भोग गर्न नसकेको भए सो सम्बन्धमा छुट्टै कारवाही चलाउन सक्ने नै देखिएको स्थितिमा दावीबमोजिम उत्प्रेषणको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल मंसिर १ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-०२१४, भ्रष्टाचार, *नेपाल सरकार वि. रानु शर्मा (अधिकारी)*

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २(ङ)(१) मा सार्वजनिक संस्था भन्नाले सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैंक वा समिति वा प्रचलित कानूनबमोजिम सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिको अन्य संगठित संस्था सम्झनु पर्दछ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ  भने सोही ऐनको दफा २(ङ)(५) मा भएको कानूनी व्यवस्थाले यस्तो प्रकृतिको संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रणमा रहेको संस्था समेत सार्वजनिक संस्था हुने भन्ने व्यवस्था गरेको पाइन्छ । त्यस्तै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २(ग)(१) मा सार्वजनिक संस्था भन्नाले सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी बैंक वा समिति वा प्रचलित कानूनबमोजिम सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था सम्झनु पर्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । साथै सोही ऐनको दफा २(ग)(५) मा भएको कानूनी व्यवस्थाले यस्तो प्रकृतिको संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रणमा रहेको वा त्यस्तो संस्थाबाट अनुदान प्राप्त संस्था समेत सार्वजनिक संस्था हुने भन्ने व्यवस्था गरेको देखिँदा साझा प्रकाशन सार्वजनिक संस्थाभित्र पर्ने देखिन आयो । साझा प्रकाशन (सहकारी संस्था लि.) लाई निजी प्रकृतिको संस्था भनी सोही आधारमा अभियोग दावी खारेज गर्ने गरी विशेष अदालत, काठमाडौंबाट मिति २०६७।३।२८ मा भएको फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ । अब मुद्दाको तथ्यभित्र प्रवेश गरी बुझ्नुपर्ने प्रमाण बुझी पुनः निर्णय गर्नु भनी तारिखमा रहेको पक्षलाई विशेष अदालत, काठमाडौंको तारिख तोकी प्रस्तुत मुद्दाको शुरू मिसिल विशेष अदालत काठमाडौंमा पठाई दिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

इति संवत् २०६८ साल साउन १५ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री कमलनारायण दास,** ०६६-CI-०२८३, बण्डापत्र लिखत बदर गरी अवण्डा जग्गा बण्डा गरिपाऊँ, *दशरथ लोध समेत वि. बेचु लोध समेत*

साविक कि.नं. १९९ को घरबारीसहितको जग्गा कित्ताकाट भै कि.नं. ३४१ र ३४२ कायम भएको सो घरसहितको जग्गा प्रतिवादीहरू बीच मिति

२०६४।५।२६ मा बण्डापत्र पारीत हुँदा बण्डापत्रमा घर नदेखाए पनि उक्त जग्गामा वादी प्रतिवादीहरूको घरवास बसोबास समेत रहेको भन्ने तथ्य बेचुप्रसाद लोध वादी र सल्लन लोध समेत प्रतिवादी भएको अंश मुद्दामा मिति २०५०।९।१८ मा भएको मिलापत्रबाट प्रतिवादीहरूले स्वीकार गरिसकेको स्थितिमा पछिबाट प्रतिवादीहरूले आपसमा गरेको बण्डापत्रले साविक मिलापत्रबाट वादीहरूले प्राप्त गरेको घरबासको हक लोप गर्न नसक्ने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल असोज १ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री कमलनारायण दास,** ०६६-CI-०४८३, निर्णय दर्ता बदर गरी हक कायम गरिपाऊँ, *कमलबहादुर थापा वि. कृष्णबहादुर थापा*

मुद्दाको रोहमा कुनै पक्षबाट लिखतको अस्तित्वलाई लिएर गरिएको जिकीरलाई अदालतले अनदेखा गर्नु हुँदैन । त्यस्ता लिखतको प्रामाणिकता छ वा छैन सोको प्रमाण मूल्याङ्कनद्वारा निरोपण गरिनु पर्दछ । प्रतिवादीले आफ्नो हकको स्रोतको रूपमा पेश गरेको दुवै लिखत अ.बं. ७८ नं बमोजिम सुनुवाइ इन्साफ गर्नुपर्ने ।

घरसारको लिखत अ.बं. ७८ नं. बमोजिमको प्रक्रिया पूरा गरी अन्य सबूद प्रमाणको हकमा जो जे बुझ्नुपर्दछ बुझी पुनः निर्णयका लागि तारिखमा रहेका पक्षलाई तारिख तोकी मिसिल शुरूमा पठाउने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६८ साल असोज १ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री कमलनारायण दास,** ०६५-CI-०६६०, जग्गा खिचोला, पर्खाल भत्काई चलन, *पार्वतीदेवी समेत वि. बिगनीदेवी*

वादीको कि.नं. ३१९ मा जे जति नापी भएको हो सोमा प्रतिवादीले नालिस लिई अदालत प्रवेश गरेको नभई वादीले फिराद लिई आएको अवस्था छ । वादीको कि.नं. ३१९ मा झगडा परेको न.नं. १ को जग्गा समावेश गर्दा सोको दक्षिण साँधमा रहेको प्रतिवादीको कि.नं. ६१५ को जग्गा स्रेस्ताभन्दा ज.वि. ०-०-२¾ घट्न जाने हुँदा सो नघट्ने गरी न.नं. १ बाट स्रेस्ताअनुरूप नै प्रतिवादीको जग्गा रहने गरी बाँकी जग्गा ज.वि. ०-०-४-०¼ सम्म खिचोला गरेको देखिने ।

इजलाश अधिकृतः दीपक ढकाल

इति संवत् २०६८ साल असोज १ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री कमलनारायण दास,** ०६५-CR-०५२४, जालसाजी, *अर्जुन थापा वि. जितेन्द्र गोपाल धौभडेल समेत*

अचल सम्पत्ति कारोवार गर्दा त्यस्तो सम्पत्तिको न्यूनतम् मूल्य कति कायम हुने भनी सम्बन्धित मालपोत कार्यालयले निर्धारण गरेको हुन्छ । मालपोत कार्यालयले निर्धारित गरेको न्यूनतम् मूल्यभन्दा कम मूल्य राखी लिखत पारीत हुन नसक्ने हो तर, चलनचल्तीको मूल्य राखी सम्पत्ति खरीद गर्न नपाइने भन्ने होइन । अचल सम्पत्ति खरीद बिक्री गर्नेहरू बीच समझदारी भै मूल्य निर्धारण गरी भएको लेनदेन कारोवारबाट यी वादीको हकमा कुनै आघात पुगेको नदेखिँदा सो लिखत जालसाजपूर्ण खडा भएको भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६८ साल असोज १ गते रोज १ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६७ सालको WO-०९४७, उत्प्रेषणयुक्त परमादेश, *लक्ष्मीशोरी याकानी वि. घरेलु तथा साना उद्योग कार्यालय, सूर्यविनायक, भक्तपुर*

निवेदकले आफ्नो पतिलाई होस ठेगान नभएको दीर्घ मानसिक रोगी भएको भने पनि त्यसको विश्वासयोग्य र आधारभूत तथ्य स्थापित गर्न नसकेको र विपक्षी बनाइएका घरेलु तथा साना उद्योग कार्यालय र उद्योग अधिकृतको मिति २०६७।९।२८ लिखतमा कुनै आदेश वा निर्णय भए गरेको पनि नदेखिएको अवस्थामा नितान्त निजी प्रकृतिका व्यक्ति व्यक्तिकाबीच भएको आपसी सहमतिको कागज बदर गर्न उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

इति संवत् २०६७ साल चैत २३ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-०४१७, परमादेश, *रमेशबहादुर थापा वि. पश्चिमाञ्चल क्षेत्रीय प्रहरी कार्यालय, पोखरा, कास्की समेत*

प्रहरी सेवाजस्तो संवेदनशील क्षेत्रमा खटिएको प्रहरी कर्मचारीले बिदा स्वीकृत नगराई यतिका लामो समयसम्म आफूखुशी सेवामा अनुपस्थित रहनु अनुशासन र आचरणको हिसाबले समेत सुहाउँदो कुरा देखिन नआउने ।

वैदेशिक रोजगारमा विदेशमा लामो समय बसी कानूनबमोजिम आफ्नो कर्तव्य पालना नगर्ने निवेदकले पुनरावेदनको सूचना नपाएको भन्ने जिकीर निजको आचारणबाटै मिथ्या सावित हुन पुगेको छ । हकको खोजी गर्नेले कर्तव्यको पालनामा पनि त्यत्तिकै दत्तचित्त रहेको देखिनु पर्दछ । आफूले निर्णयको नक्कल लिएपछि हुलाकबाट पुनरावेदन पठाएको भनी हुलाकको रसिद राख्दैमा निजका कथन विश्वसनीय मान्नुपर्ने आधार पाइएन । मिति २०६२।४।१० को निर्णयउपर मनासिब माफिकको कारणबाहेक मिति २०६८।७।१३ मा हुलाकबाट पठाएको भन्दैमा निजका कथनलाई शुद्ध र सफा हातयुक्त मान्न नमिल्ने ।

कानूनबमोजिम आफ्नो कर्तव्यमा नरहेको निवेदकले विपक्षीले के कुन कानून कर्तव्य पालना नगरेको हो रिट निवेदनमा विश्वसनीय आधार देखाउन सकेको नपाइनुका अतिरिक्त निवेदनमा परमादेश आदेश जारी गर्नुपर्ने त्यस्तो आधार र अन्तरवस्तु उल्लेख गर्न सकेको नदेखिएको एवं धेरै लामो समयपछि अनुचित बिलम्ब गरी दायर हुन आएको रिट निवेदन हेर्दा नै प्रतीतलायक देखिन आएन । मिति २०६२।२।१२ मा १५ दिनको बिदा स्वीकृत गराई आमाको उपचार गराउन गएकोमा तलव सुविधाले उपचार गराउन सम्भव नभएबाट मिति २०६२।२।२९ मा वैदेशिक रोजगारमा मलेसिया गई मिति २०६८।२।२९ मा फर्कँदा नोकरीबाट मिति २०६२।४।१० मै बर्खास्त गरिएछ, पुनरावेदन गर्ने म्याद नपाएको भन्ने मिति २०६८।८।१ मा यस अदालतमा दायर निवेदन कथन आफ्नो अनुहारबाटै अनुचित विलम्बयुक्त र सफा र शुद्ध हात नलिई दायर भएको देखिएबाट निवेदनअनुसारको कामकारवाही प्रारम्भिक रूपमा नै अगाडि बढाउनु पर्ने अवस्थाको नदेखिई विपक्षीले गरे बिराएको केही नदेखिँदा निवेदक मागबमोजिम विपक्षी झिकाउने आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः कमलराज विष्ट

इति संवत् २०६८ साल मंसिर २ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-०३९४, उत्प्रेषण, *अनीलकुमार साह कानू वि. विश्वनाथ केडिया समेत*

जिल्ला अदालतबाट शुरू म्याद बदर गर्दा आधार लिएको बुँदालाई निवेदकले खण्डन गर्न सकेको देखिँदैन । यस्तो स्थितिमा अ.बं. २०८ बमोजिम जिल्ला अदालतले गरेको आदेशलाई पुनरावेदन अदालतले समेत सदर गरी मिति २०६७।१२।२५ मा प्रतिउत्तर दर्ता भई चलिआएको मुद्दाको कारवाहीमा रिट क्षेत्रबाट हस्तक्षेप गर्नु न्यायको रोहमा मनासिब देखिन आएन । अन्तरिम आदेश जारी गरी जिल्ला अदालतमा चलेको कारवाही रोकिदिँदा भविष्यमा रिट खारेज भएमा निवेदकलाई नै हानि हुने र अन्तरिम आदेश जारी नगर्दा मुद्दाको कारवाही नरोकिने अवस्था हुन्छ । दुई तहका अदालतले म्याद तामेलीमा बेरीत मानेको र त्यसमा उल्लिखित आधार त्रुटिपूर्ण भन्न निवेदकले नसकेको अवस्थामा अन्तरिम आदेश जारी हुनसक्ने अवस्था नदेखिने ।

वेरीतपूर्वक तामेल भएको म्याद बदर गरी पुनः प्रतिउत्तरपत्र दर्ता गरी गर्ने आदेश भई प्रतिवादीले प्रतिवाद गर्ने मौका पाउँदैमा निवेदकलाई केही असर पर्ने अवस्था देखिँदैन । यसले त बरू दुबै पक्षका तथ्य र सबूद प्रमाणको मूल्याङ्कन गरी अदालतबाट न्यायिक निर्णय हुन सघाउ पुर्‍याउँदछ । प्रस्तुत मुद्दामा न्यायिक निर्णय हुन बाँकी नै भएको र त्यस्तो निर्णयमा चित्त नबुझे पुनरावेदनको माध्यमबाट पुनः उपचारको मार्ग अवलम्बन गर्न पाउने हक निवेदकको सुरक्षित नै रहेको देखिन्छ । तसर्थ मुद्दाको कारवाहीको सिलसिलामा अदालतबाट अ.बं. २०८ नं बमोजिम भएको आदेशबाट निवेदकको संविधान तथा कानूनप्रदत्त हकमा आघात परेको नदेखिएको अवस्थामा प्रस्तुत निवेदनअनुसारको प्रारम्भिक कारवाही समेत अगाडि बढाउन आवश्यक देखिन नआउने ।

इजलाश अधिकृतः कमलराज विष्ट

इति संवत् २०६८ साल कात्तिक २९ गते रोज ३ शुभम्

न्याय प्रशासनसँग सम्बन्धित विविध गतिविधिका साथ नेपाल टेलिभिजनबाट पाक्षिक रुपमा प्रसारण हुने हाम्रो अदालत कार्यक्रम हेर्न नभुलौं ।

**कार्यक्रम**

सोमबार बेलुकी ९.३० बजे

पुनः प्रसारण मंगलबार दिउँसो २.३० बजे